राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly




वर्ष– २१, अङ्क– ३२, वैशाख १७ गते शुक्रबार, २०७३ (29 April, 2016) www.janajibro.com मूल्य रू. १०/–

## अख्तियारको फन्दामा परेका कनकमणिलाई पूर्वराष्ट्रपति रामवरणको हौसला

**काठमाडौं ।** अख्तियारले साझा यातायातका अध्यक्ष कनकमणि दीक्षितले संस्थाको अध्यक्षका हैसियतले सार्वजनिक पदको दुरुपयोग गरेको विषयमा परेका विभिन्न उजुरीमाथि छानविन भइरहेको जनाएको छ ।

दीक्षितका विरुद्ध सार्वजनिक पदको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको, संस्थाको आर्थिक हिनामिना गरी स्वदेशी तथा विदेशी बैंकमा आफू र आफ्नो परिवारको नाममा रकम जम्मा गरेको, संस्थाको सम्पत्तिलाई पैतृक सम्पत्तिसरह बेचबिखन गरेकोलगायत उजुरी परेका छन् ।

यसैबीच अख्तियार दुरुपयोग अनुसन्धान आयोगको थुनामा रहेका दीक्षितलाई भेट्न पुगेका कानून व्यवसायीहरूलाई भेट गर्न नदिई फर्काइएको छ । हाल वीर अस्पतालको आइसीयु कक्षमा उपचार सेवा लिइरहेका दीक्षितलाई भेट्न कानुन व्यवसायीद्वय टीकाराम भट्टराई र रमेश बडाल बुधबार वीर अस्पताल पुगेका थिए ।

क्रमशः अन्तिम पृष्ठमा

# ‘कांग्रेससँग सरकार फेर्ने एजेन्डा छैन’

## सक्रिय र सशक्त प्रतिपक्षको भूमिकामा बस्छौं : देउवा

■ **जनजिब्रो संवाददाता**

**काठमाडौं ।** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफ्नो दलले सक्रिय र सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताएका छन् । पत्नीको उपचारका लागि दिल्ली पुगेका देउवाले भारतीय नेताहरूसँग भेटघाट गरेपछि नेपालमा सरकार परिवर्तन हुने शंका गरिएको थियो ।

कांग्रेसका सभापति शेरबहादुर देउवाले दिल्लीमा रहँदा ‘रअ’ प्रमुखदेखि हिन्दुवादी नेतासम्मलाई भेटघाट गरे पनि सुष्माबाहेक कसैसँग भेट नभएको दावी गरेका छन् । देउवाको दिल्ली भ्रमणमा जस्तो आशंका थियो, त्यस्तै देखिएको छ । आरजुको स्वास्थ्य उपचारका लागि भन्दै दिल्ली गएका देउवाले भारतीय गुप्तचर संस्था ‘रअ’का प्रमुख राजिन्दर खन्नासँग दिल्लीमै भेट गरे । कुनै राजनीतिक खेलका लागि नेपालका नेताहरूले रअका एजेन्टहरू




भेट्ने गर्छन् । जुन आफैंमा अवैध मानिन्छ ।

दिल्लीमा देउवाले कट्टर हिन्दुवादी नेताहरूसँग पनि भेट गरेका छन् । भारतमा विवादित राष्ट्रिय स्वयंसेवक संघका महामन्त्री राममाधव सिंहसँग पनि भेट गरेका छन् । भारतीय सरकारको नेतृत्व गरिरहेको कट्टर हिन्दुवादी दल भारतीय जनता पार्टी (बीजेपी)को निर्णायक पनि संघमा हुने गरेको छ ।

नेपालमा नयाँ संविधान जारी हुनुअघि भारत गएका देउवाले आफूलाई प्रधानमन्त्री बनाइए हिन्दु राज्य बनाउने प्रतिबद्धता भारतसँग गरेका थिए । जसको निकै चर्चा पनि भएको थियो । उनै देउवा अबको कांग्रेसको प्रधानमन्त्रीका प्रमुख दाबेदार छन् । यसैबीच कांग्रेस महामन्त्री डा. शशांक

क्रमशः अन्तिम पृष्ठमा





# लेनिनको प्रस्थापना पढेपछि खुशीले एक्लै रोएँ

**म भीडको अघिल्तिर उभिएर कराएझैं कराएँ- ‘आदरणीय सहिदहरू, देशबासीहरू यही हो हाम्रो मुक्तिको बाटो ।’**

– हो चि मिन्ह

### समय-सन्दर्भ
### हो चि मिन्ह



प्रथम विश्वयुद्धपछि म फ्रान्समा फोटोग्राफरकोमा फोटो धुलाउने र ‘पुराना चिनियाँ भाँडाकुँडा’ (फ्रान्समा बनेको) मा रङ लगाउने मान्छेको रुपमा रहें । मैले फ्रान्सेली उपनिवेशवादीहरूले भियतनाममा गरेका अपराधहरू कबोल गरिएका पर्चाहरू बाँडें ।

त्यसबेला मैले अक्टोबर क्रान्तिको समर्थन त्यसको ऐतिहासिक महत्व ठम्याएर होइन, लहैलहैमा गरेको थिएँ । म लेनिनलाई प्रेम र मुरीमुरी प्रशंसा गर्थे किनभने उनी महान् देशभक्त थिए जसले आफ्ना देशवासीहरूलाई स्वतन्त्र बनायो । त्यस बेलासम्म मैले लेनिनको एउटा पनि किताब पढेको थिइनँ ।

म फ्रेन्च समाजवादी पार्टीमा लाग्नुको कारण उनीहरूले मप्रति र शोषित उत्पीडित जनताहरूको संघर्षप्रति सहानुभूति दर्शाउनु नै थियो । तर, म पार्टी, ट्रेड युनियन, समाजवाद या साम्यवादका बारेमा भुत्दोभाङ पनि जान्दिनथें ।

पार्टीका शाखाहरूमा समाजवादी पार्टी दोस्रो इन्टरनेसनलमा रहने कि नरहने, कि अर्को अर्ध-दोस्रो इन्टरनेसनल खोल्ने अथवा लेनिनको तेस्रो इन्टरनेसनलमा पो सामेल हुने हो कि भन्नेजस्ता बहसहरू गरमागर्मी रुपमा चल्थे । म हप्तामा दुई या तीन पटक बैठकमा उपस्थित हुन्थें र ध्यानपूर्वक छलफल सुन्थें । पहिला त मैले राम्ररी कुरा बुझ्दा पनि बुझिनँ । किन यति साह्रो चर्काचर्की भइरहेको छ ? दोस्रो, अर्थ-दोस्रो या तेस्रो जुनसुकै इन्टरनेसनलले क्रान्ति गर्ने हो भने किन यस्तो बाझाबाझ ? अनि पहिलो इन्टनेसनल चाँही के भयो त ?

मैले एकदमै जान्न चाहेको कुराचाँहि कुन इन्टरनेसनल औपनिवेशिक मुलुकहरूको पक्षमा छ त भन्ने थियो तर यस विषयमा बैठकमा जोडदार रुपमा कुनै उठ्दैनथे । मैले यो कुरा बैठकमा उठाएँ ।

केही कमरेडहरूले भन्नुभयो- ‘औपनिवेशिक मुलुकहरूको पक्षमा दोस्रो होइन, तेस्रो इन्टरनेसनल छ । मलाई एकजना कमरेडले लेनिनको ‘जातीय र उपनिवेशबारेको थेसिस’ पढ्न दिनुभयो जुन l’Humanite ले प्रकाशन गरेको थियो ।

लेनिनको उक्त थेसिस (प्रस्थापना) मा मैले नबुझ्ने थुप्रै राजनीतिक शब्दहरू थिए । तर घुडा धसें पटक-पटक पढेपछि मैले त्यसको चुरो कुरा अठ्याएँ । त्यसले ममा कस्तो आवेग, आशा, प्रष्ट दृष्टिकोण र आत्मविश्वास पैदा गऱ्यो । म त खुसीले रोएँ ।

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन् । -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २१, अङ्क- ३२, वैशाख १७ गते शुक्रबार, २०७३

## सम्पादकीय

# मधेशी आन्दोलनको अर्को धम्की

भारतीय संस्थापनसँगको मिलेमतोमा झन्डै आधा वर्षसम्म नेपालमा आपराधिक नाकाबन्दी सिर्जना गरेका स्वघोषित मधेशवादीहरूले फेरि अर्को आन्दोलनको धम्की दिँदै 'अल्टिमेटम' समेत दिइसकेका छन् । भलै उनीहरूले अब भन्सार नाकामा बसेर नाकाबन्दी नगर्ने बरु राजधानीकेन्द्रित आन्दोलन गर्ने प्रचार गर्दै आएका छन् ।

महाभूकम्पको अत्यासलाग्दो आतङ्कबाट तङ्ग्रिन नपाउँदै अत्याचारपूर्ण नाकाबन्दी थोपरेर नेपाल र नेपालीको जीवन तहसनहस पारेकाहरूले फेरि आन्दोलन गर्ने बताएपछि उनीहरूले पहिलेकै स्वरूपमा नाकाबन्दी नगरे पनि आहत जनता भने भखरैसम्मको नाकाबन्दीको त्रासले भयभीत छन् । झन् आपत्तिजनक कुरा त तस्कर र कालाबजारियाहरूले मधेशवादीहरूको चेतावनीलाई अगाडि सार्दै कृत्रिम अभाव र महँगीको पहाड जनतामाथि थोपर्ने हर्कत जारी नै राखेका छन् ।

नयाँ संविधान आउला र सबै आधारभूत समस्याको समाधान होला भनेर बडो आशातीत नजरले हेरिरहेका नेपाली नागरिकहरू सोही संविधानले जन्माएको समस्याका कारण यतिसारो आहत भइरहनु पर्दा समेत सरकार, सत्ताधारी दलहरू र ठूला भनाउँदा राजनीतिक पार्टीहरू केवल रमिते बनेर तमासा हेरिरहनु आपत्तिजनक कुरा भएको छ ।

राजनीतिक समस्यालाई राजनीतिक ढङ्गबाट सम्बोधन गर्न र नागरिक अधिकारलाई दिनदहाडै अपहरण गरी आपराधिक हर्कत गर्नेहरूमाथि समुचित प्रशासनिक समाधान खोज्न सरकारले कुनै आइतबार पर्खिरहनु पर्दैन । फेरि पनि जनजीवन नै तहसनहस पार्नेगरी कोही-कसैले नाकाबन्दीजस्तो अमानवीय हर्कत थोपर्न खोज्छ भने जनताले पनि अब सरकारको मुख नताकी आफैंले सशक्त प्रतिकारको बाटो समयमै अपनाउनुपर्छ ।

# लेनिनको...

कोठामा एक्लै बसेको बेलामा पनि म भीडको अघिल्तिर उभिएर कराए झैं कराएँ- 'आदरणीय सहिदहरू, देशबासीहरू ! हामीले चाहेको यही हो, यही हो हाम्रो मुक्तिको बाटो ।' त्यसपछि लेनिन र तेस्रो इन्टरनेसनलप्रति मेरो पुरै भरोसा बढ्यो ।

सुरुसुरुमा पार्टी शाखाका बैठकहरूमा हुने छलफलहरू म सुन्थें मात्र, मलाई त्यहाँ उठ्ने कुराहरू सबै तार्किक लाग्थे, कुन सही हो र कुन गलत हो भन्ने कुरा म छुट्याउन सक्दिनथें त्यसपछि भने म पनि बहसमा होमिन थालें र जमेर बहस गर्न थालें । त्यसबेलासम्म पनि म फ्रेन्च भाषामा आफ्ना विचारहरू राम्ररी व्यक्त गर्न सक्दिनथें । तर लेनिन र तेस्रो इन्टरनेसनलमाथि हुने निराधा आक्रमणको म डटेर विरोध गर्थें । मेरो एउटै तर्क थियो, 'यदि तपाईं उपनिवेशवादीहरूलाई घृणा गर्नुहुन्न भने, यदि तपाई उपनिवेशका जनताहरूको पक्षमा उभिनुहुन्न भने तपाईहरूले गर्न खोजेको क्रान्ति कस्तो हो ?'

लेनिनवाद चमत्कारी 'बुद्धिको किताब' मात्र होइन, भियतनामी क्रान्तिकारीहरू र जनताको लागि दिशानिर्देश गर्ने कम्पास पनि हो,- यो त्यस्तो उज्यालो सूर्य हो जसले हामीलाई अन्तिम जीत र समाजवाद तथा साम्यवादसम्मको बाटो देखाउँछ ।

म पार्टीको आफू संगठित भएको शाखाको मात्र होइन, अन्य शाखाका बैठकहरूमा पनि 'आफ्नो कुरा राख्न' उपस्थित हुन थालें । मैले यहाँ भन्नैपर्छ कि कमरेडहरू मार्सल केचिन, भाइलन्ट काउटुरिअर, मुनमोसिउलगायतले मेरो वैचारिक स्तर उकास्न मद्दत गरेका छन् । अन्तिममा, सर्वोच्च कंग्रेसमा उहाँहरूसँग मैले पनि तेस्रो अन्तर्राष्ट्रिय (इन्टरनेसनल) मा सामेल हुने पक्षमा भोट खसालें ।

लेनिन र तेस्रो अन्तर्राष्ट्रियप्रतिको मेरो भरोसा साम्यवाद होइन, देशभक्तिको कारणले गर्दा बढेको हो । संघर्षको क्रममा एकएक गरेर मार्क्सवाद-लेनिनवादको अध्ययन सँगसँगै व्यवहारिक कामहरूमा पनि सहभागी हुँदै गएपछि म समाजवाद र साम्यवादले मात्र विश्वभरिका शोषित-उत्पीडित जाति र मजदुरहरूलाई दासताबाट मुक्त गर्छ भन्ने निष्कर्षमा पुगें । हाम्रो देशमा मात्र होइन, चीनमा पनि 'चमत्कारी बुद्धिको किताब' (Book of Wise) को दन्त्यकथा प्रचलित छ । जब कोही ठूलो संकटमा पर्छ भने उसले यो किताब पल्टाउँछ र बाटो फेला पार्छ । लेनिनवाद चमत्कारी 'बुद्धिको किताब' मात्र होइन, भियतनामी क्रान्तिकारीहरू र जनताको लागि दिशानिर्देश गर्ने कम्पास पनि हो,- यो त्यस्तो उज्यालो सूर्य हो जसले हामीलाई अन्तिम जीत र समाजवाद तथा साम्यवादसम्मको बाटो देखाउँछ ।

प्रस्तुत रचना लेनिनको ३०औं जन्म दिवसका उपलक्ष्यमा सोभियत संघबाट प्रकाशित Problems of the East को लागि हो चि मिन्हले अप्रिल १९६० मा लेखेका हुन् । हो चि मिन्हको पुस्तक On Revolution मा संकलित यो लेख Communism:Basic writings मा पनि परेको छ ।

*अनुवादकः भोगीराज चाम्लिङ*
*(सामाजिक सञ्जालबाट)*

नारायणी यातायात व्यवसायी संघद्वारा सञ्चालित
**टाटा सुमो सेवा**
काठमाडौं-हेटौंडा-वीरगञ्ज-चपुर
मुख्य कार्यालय : हेटौंडा- ०५७-५२१६७०
शाखा कार्यालय : बल्खु, काठमाडौं- ०१-४०३६२५६
वीरगञ्ज- ९८४५०५७९७७
निजगढ- ९८४५१०५५१५
रिजर्भका लागि सम्पर्क : ९८४१४०२४५४

प्रथम राष्ट्रिय पत्रकारिता दिवस
वैशाख २३, २४ र २५ गते भव्य रूपमा मनाऔं ।
नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
**सूचना विभाग**

**नेपाल राष्ट्र बैंकको अनुरोध**
- नोट हाम्रो सम्पत्ति हो । सफा नोट सभ्यताको प्रतीक हो । राम्रो र सुकिलो नोट चलाउन पाउँदा हामी प्रसन्न हुन्छौं । नोटलाई जतन गरेमा यसको आयु बढ्छ र मुलुकको ठूलो खर्च जोगिन्छ । नोटलाई जतन गर्नु हामी सबैको कर्तव्य हो । त्यसैले नोटलाई सबैले जतन गरी चलाऔं ।

नोटलाई जतन गर्नेबारे घरघरमा चर्चा गरौं

Why to choose us?
No Load Shading Problem
Sufficient Inverter System
24 Hrs. Internet Facilities
Well-equipped Computer Lab with Desktop PCs and Laptops
Daily 2 Hrs. Shifts for Morning, Day & Evening Time
Experienced Instructors
Computer Software Training
Computer Hardware/Maintenance Training
Mobile & Electronics Training
English Language & Tuition
Govt. Regd. No.: 34623/523
Multichannel Institute
Narayantar, Jorpati, Kathmandu, Ph. No.: 01-4911021

# कोइरालाहरुको विरासत तोडियो भन्ने टिप्पणी सुन्दा मलाई अनौठो लाग्छ

**१३औं महाधिवेशनबाट शेरबहादुरजी सभापति र तपाईं महामन्त्रीमा निर्वाचित भएपछि कांग्रेसमा गुटउपगुट सकियो भन्नुभयो तर संसदीय दलको निर्वाचनमा समूह बनाएरै फेरि दुई पक्षबीच प्रतिस्पर्धा भयो । खै कसरी भयो त नेपाली कांग्रेस एकढिक्का ?**

होइन । कुनै पनि लोकतान्त्रिक पद्धतिमा ग्रुपिजम् हुन्छ, हुनसक्छ । लोकतान्त्रिक अभ्यास गर्दा विचारमा विमति रहनसक्छ । विचारका गुटहरू हुनसक्छन् । तसर्थ ग्रुपिजम् अमेरिकाजस्तो उच्च लोकतान्त्रिक अभ्यास भएको देशमा पनि हुन्छ । मेरो भनाइ के हो भने विचारको गुटबन्दी हुनु राम्रो पनि हो किनभने एउटा भिन्न विचार हुन्छ जसको विपक्षमा अर्को पनि । तीमध्ये जुन विचार मन पर्छ, तपाईंले त्यसैको प्रतिनिधित्व गर्नुहुन्छ । जब विगतमा पार्टी फुट्यो, त्यसबेला नेपाली कांग्रेसको शक्ति एकदमै कमजोर भयो । फेरि एकचोटि पार्टी जुट्यो अनि १२औं महाधिवेशनमा हामीले भन्यौं- एकताको सन्देश दिऊँ । त्यतिबेला नारा पनि थियो 'एकताको महाधिवेशन ।' तर, त्यो नारा यथार्थमा परिणत हुन सकेन । फेरि १३औं महाधिवेशनमा दुईटा गुट थिए, तीमध्ये एउटाबाट सभापति, अर्कोबाट महामन्त्री र कोषाध्यक्ष निर्वाचित भए । यसबाट के देखिन्छ भने करिव तीन हजार दुई सय महाधिवेशन प्रतिनिधिहरूको मतले सन्तुलित परिणाम दिएको दिएको छ । हामीले यसलाई प्रतिनिधिहरूको पार्टी एकढिक्का हुनुपर्छ भन्ने सन्देश हो भनेर बुझ्नुपर्छ । त्यति मात्र होइन, यसको अर्थ र मेरो पहिलेदेखिको भनाइ पनि व्यक्तिगत गुटको अन्त्य हुनुपर्छ भन्ने हो । मैले तत्कालीन अवस्थामा गिरिजाप्रसाद कोइरालालाई पनि पटक-पटक शेरबहादुरजीसँग भेटाएँ, आदरणीय सुशील कोइरालाज्यूलाई पनि भनें- पार्टी मिलेको खण्डमा आउँदा चुनौतीको सामना कांग्रेसले राम्रोसँग गर्न सक्छ । त्यसैगरी १३औं महाधिवेशन सकिएपछि पार्टी सभापतिले एकताको सन्देश दिने भनिरहनुभएको छ, त्यो अत्यन्त राम्रो पनि हो । हुन त आगामी दिनमा सभापतिजीको भूमिका महामन्त्री, कोषाध्यक्षलगायतका केन्द्रीय समितिभित्रको छलफल एवम् निर्णय लिने बेला के हुन्छ, त्यसले हाम्रो भूमिका पनि निर्धारण गर्छ र त्यसले ग्रुपिजम् छ कि छैन भनेर स्पस्ट गर्ला ।

**यो त महाधिवेशनका कुरा भयो, फेरि संसदीय दलको चुनावमा पनि तीनै गुटबीचको प्रतिस्पर्धा किन नि ?**

दलको निर्वाचन हुने बेला पनि तिनै दुई गुट प्रतिस्पर्धामा उत्रे, तपाईंले भनेको ठीक हो । अब आगामी आन्तरिक चुनौती हुन् या अन्य चुनौतीको सामना गर्न पार्टी एक हुनु राम्रो हो । मलाई लाग्छ- शेरबहादुर देउवाजीको अब त इतिहास रच्ने मात्र काम हो किनभने तीन-तीन चोटि प्रधानमन्त्री भइसक्नुभयो, भविष्यमा फेरि बन्न सक्नुहुन्छ । उहाँले इतिहास रच्न अब पार्टीलाई एक बनाएर लैजानुपर्छ । जुन मेरो पनि अभिप्राय हो कि म एउटा क्याटालिस्ट बन्न चाहन्छु, सबैलाई जोडेर अगाडि बढौं । कांग्रेसको भविष्य अत्यन्त राम्रो छ । कांग्रेसको भविष्य राम्रो हुनु भनेको यो राष्ट्रको भविष्य राम्रो हुनु हो । हाम्रासामु थुप्रै चुनौतीहरू छन् । पहिलो, संविधानलाई कार्यान्वयन गर्ने ठूलो चुनौती छ । दोस्रो, भुइँचालोले यत्रो क्षति पुऱ्याएको छ, जसको पुनर्निर्माण र व्यवस्थापनका लागि कांग्रेसले अत्यन्त गम्भीर भएर रचनात्मक प्रतिपक्षीको भूमिका निर्वाह गर्नुपर्छ । तेस्रो, विकासका कुराहरू छन् । परिवर्तनको पक्षमा जहिले पनि नेपाली कांग्रेस उठेको हो । अहिलेको माग, जनताको चाहना र हाम्रो संघर्ष भनेको पनि विकासका लागि नै हो । जबसम्म राजनीतिक स्थिरताको वातावरण बन्दैन तबसम्म विकास हुन सक्दैन । तसर्थ नेपाली कांग्रेसले यस्तो भूमिका खेल्नुपऱ्यो कि जसले राजनीतिक स्थिरताको बाटो अपनाउन सकोस् । यति मात्र होइन, अहिलेका महत्वपूर्ण समस्यामध्ये प्रान्तहरूको सीमाङ्कनको सवालमा, मधेशवादीहरूका असन्तुष्टि र मुद्दाहरूको सवालमा संविधानमा देखिएका केही त्रुटिहरू सम्बोधन गरी नयाँ परिवर्तनको बाटो लिने हो भने अहिले पनि एकताको विकल्प छैन । सबै एक ठाउँमा उभिनैपर्छ, जसका लागि सन्तुलित किसिमको राजनीति आवश्यक छ । यसो गर्दा राजनीतिक स्थिरता हुन्छ अनि त्यसको धरातलमा टेकेर हामी परिवर्तन र विकास गर्न सक्छौं । यी सबै चुनौतीहरू सामना गर्न नेपाली कांग्रेस एकढिक्का हुनुपर्छ, अहिले कांग्रेस त्यो बाटोमा अग्रसर भइरहेको छ ।

**कांग्रेसमा देउवाको उदयपश्चत धेरैले कोइराला परिवारको विरासत तोडियो भनेर टिप्पणी गरिरहेका बेला कोइराला परिवारबाटै तपाईं महामन्त्री निर्वाचित हुनुभएको छ, यसबारे तपाईंको विश्लेषण के छ ?**

तपाईंलाई म स्मरण गराउँ, २०४६ सालको आन्दोलनताका शेरबहादुरजी बेलायतमा हुनुहुन्थ्यो । त्यसबेला टेलिफोनमा सम्पर्क गरेर मैले नै भनेको थिएँ- शेरबहादुरजी, फर्केर आउनुहोस् नेपालमा । यहाँ प्रजातन्त्र आइसक्यो, तपाईंको भूमिका अत्यन्तै महत्वपूर्ण रहन्छ, बीपी कोइरालाले पत्याएको मान्छे हो तपाईं । मैले त्यसो भन्दा उहाँले मान्नुभएन । पछि गिरिजाप्रसाद कोइरालाले उहाँसँग सम्पर्क गर्नुभयो, त्यसपछि देउवाजी तत्कालै फर्केर आउनुभयो र गृहमन्त्री समेत बन्नुभयो । त्यसकारण अहिले शेरबहादुरजीको उदय भयो भन्नुभन्दा पनि अहिलेको अवस्थामा देउवाजी सभापति बन्नुभयो भनेर बुझ्नु सही हुन्छ । अहिले 'प्याराडाइम सिफ्ट' भएपछि उहाँको काँधमा ठूलो जिम्मेवारी आएको छ । देउवाजीले फेरि पहिलेकैजस्तो ग्रुपको राजनीति मात्रै गर्नुभो भने उहाँको राजनीतिकै अन्त्य हुन्छ । इतिहासले धेरै ठाउँमा देखाइसक्या छ, मैले उदाहरण दिइरहनु पर्दैन । उहाँको धेरै पहिलेदेखिको चाहना थियो कि एकचोटी नेपाली कांग्रेसको सभापति बन्ने । त्यो उहाँले पाइसक्नु भयो । अब आफ्नो ग्रुप मात्र नभनी अर्को ग्रुप, अझ भनौं रामचन्द्र दाइले नेतृत्व गरेको पक्षलाई पनि समेटेर देउवाजीले सिङ्गै कांग्रेसको नेतृत्व गर्न सक्नुपर्छ । रामचन्द्र दाइ अत्यन्तै पुरानो मान्छे हो, लामो अनुभव छ उहाँसँग । फेरि पनि पार्टीमा विकृति आयो, पार्टीभित्र यो पक्ष र ऊ पक्ष भन्ने व्यवहार रहिरह्यो भने आउँदा दिनमा नेपाली कांग्रेसलाई ठूलो क्षति पुग्छ । त्यो अवस्थामा हामीले सामना गर्नुपर्ने अहिलेका जे-जस्ता चुनौतीहरू छन्, तिनको समना गर्न सकिँदैन ।

**जे भए पनि देउवाको विजयपछि कांग्रेसमा कोइरालाहरूको धरोहर त ढलेकै हो नि, होइन र ?**


तपाईंले धरोहरका कुरा उठाउनुभयो, मैले पटक-पटक भन्ने गरेको छु- कोइरालाको धरोहर भनेको रगतको होइन, विचारको धरोहर हो । त्यसैले बीपीको विचार जसले लिन्छ, धरोहर उसैले समात्छ । मेरो राजनीतिमा प्रवेशको पहिलो प्रेरणा कृष्णप्रसाद कोइराला हुनुहुन्छ किनभने उहाँले एउटा परिवर्तन खोज्नुभयो । त्यति धनाढ्य व्यक्ति हुँदाहुँदै पनि यो राष्ट्रमा यति प्रयत्न गर्नुभयो, अन्तमा यही सेन्ट्रल जेलमा उहाँको मृत्यु भयो र बीपीले त्यसलाई एउटा राजनीतिक रङ्ग दिनुभयो, एउटा सिद्धान्त दिनुभयो । कृष्णप्रसाद कोइरालाले सामाजिक परिवर्तन हुनुपऱ्यो, एउटाले मात्र खुशी भएर हुँदैन, नेपाली जनता खुशी हुनुपऱ्यो भन्ने ठान्नुभयो । त्यसबेला उहाँ राजनीतिक रुपमा सचेत हुनुहुन्नथ्यो तर पनि एउटा आन्दोलनको र प्रेरणाको रुपमा उहाँले योगदान दिनुभयो, जो एउटा इतिहास हो । पछि परिवर्तनका पक्षमा आफ्ना छोरालाई शिक्षादीक्षा दिई आन्दोलनमा लाग्न प्रेरित गर्नुभयो । त्यसलाई बीपीले उचाईमा पुऱ्याउनुभएको हो । त्यसैले त्यो विचारको राजनीति हो । यसर्थ, कोइरालाहरूको विरासत तोडियो भन्ने टिप्पणी सुन्दा मलाई अनौठो लाग्छ । जुन विचारको उत्पत्ति कृष्णप्रसाद कोइरालाले गराउनुभयो त्यो त अनन्तकालसम्म रहन्छ ।

**पार्टीभित्र क्रियाशील समानान्तर गुटहरूमध्ये एउटाबाट सभापति र अर्कोबाट महामन्त्री चुनिएपछि कांग्रेस झन् जाम हुने र अनिर्णयको बन्दी बन्ने राजनीतिक विश्लेषण गलत हो र ?**

मलाई त्यस्तो लाग्दैन । एकातिर हामी संसदमा प्रतिपक्षमै बसेका छौं फेरि हामी पार्टीभित्र पनि प्रतिपक्षमा बसौं त ? मैले अघि नै भनिसकें नि पार्टीलाई एकढिक्का पारेर अगाडि लैजाने मेरो लक्ष्य हो । मैले पहिले एउटा शब्द प्रयोग गरें, 'क्याटालिस्ट' । म पार्टीलाई एक ठाउँमा उभ्याउन त्यो भूमिका निर्वाह गर्छु । मलाई लाग्छ, शेरबहादुरजीको मनशाय पनि त्यही हो किनभने उहाँका अभिव्यक्तिहरू पार्टीलाई एकढिक्का बनाउँछु भनेर नै आइरहेका छन् । हुन त सभापति भइसकेपछि उहाँको कार्यशैली कुन किसिमको हुने हो, त्यो त हेर्न बाँकी नै छ । तर, चुनौतीहरूलाई हेरेर पनि आगामी दिनमा पार्टीमा एकमत हुने सम्भावना धेरै बलियो छ । दुई-तीन गुटमा विभाजित भएर गयौं भने पार्टी कमजोर हुन्छ र हामी गन्तव्यमा पुग्न सक्दैनौं । त्यो अवस्थामा राष्ट्र नै कमजोर भएर जान्छ ।

**तपाईंले त महाधिवेशनको मुखैमा गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताका विषयमा कांग्रेस चुकिसक्यो अब ती कुरामा नयाँ ढङ्गले समीक्षा गर्नुपर्छ भन्नुभयो । यसरी तपाईंले भन्न खोज्नुभएको कुरा के हो ? अलि प्रस्ट पारिदिनोस् न ।**

हा-हा-हा... । मैले महाधिवेशनको पूर्वसन्ध्यामा भनेको के थिएँ भने महाधिवेशन भनेको सबै विषयमा विचार-विमर्श र बहस-छलफल गरी नयाँ निष्कर्ष निकाल्ने थलो हो । यो बेला हामीले गत ७० वर्षमा गरेका महत्वपूर्ण निर्णयहरूबारे पुनरावलोकन गर्न सक्छौं र गर्नु आवश्यक छ । यो रिभ्यु, रिट्रिट र रिइभ्याल्युएसनको समय हो । उदारहणका लागि २७ सालमा बीपी कोइरालाले बन्दुक उठाउनुभयो, त्यो ठीक थियो कि थिएन ? हामीले त्यसको समीक्षा गर्ने कि नगर्ने ? बीपीले सबै ठीक गरे भनेर त उहाँका व्यवहार नदेखेको, नसुनेको मान्छेले मात्र भन्छ । तर, एउटा लोकतान्त्रिक व्यक्तिले हरेक कुरामा प्रश्न उठाउँछ । यो किन जरुरी छ भने त्यसको निष्कर्षमा टेकेर नै हामी अगाडि जान सक्छौं । तपाईंले भन्न खोज्नुभएको अर्थमा मैले धर्मनिरपेक्षता, गणतन्त्र र संघीयताका विरुद्धमा टीकाटिप्पणी गरेको छैन । पुनरावलोकन गर्नुपर्छ भनेको किन हो भने हाम्रो १३औं महाधिवेशन अत्यन्त महत्वपूर्ण समयमा सम्पन्न भयो । लामो समयपछि हामी सबै एक ठाउँमा जम्मा भयौं, त्यो बेला सबै कुराको एक-एक गरी समीक्षा हुनुपर्थ्यो । विगतको समीक्षा नगरी भविष्यलाई अँगाल्न सकिँदैन । त्यसैले सोही सन्दर्भमा मैले ती कुरा उठाएको थिएँ । हो, महत्वपूर्ण विषयहरू छन्, जस्तो- हिन्दू राष्ट्रको कुरा । नेपाल ७० वर्षदेखि अस्थिरताको बन्दी छ । यही अस्थिरताका कारण देशमा विकास हुन सकेको छैन । अहिले अतिवादी शक्तिहरू, बन्दुकधारी शक्तिहरू नेपालभित्र छन्, जसले अवसर खोजिरहेका छन् । कुनै विषय उठाएर मुलुकलाई अझै अस्थिरतातर्फ धकेलिदियो भने हामी अर्को दस वर्ष पछाडि धकेलिन्छौं । यसर्थ, हामीले राजनीतिक स्थिरता, शान्तिको वातावरण सिर्जना गर्नु आवश्यक छ ।



डा. सशांक कोइराला
महामन्त्री, नेपाली कांग्रेस

– जनजिब्रो वार्ता –

**जेहोस्, तपाईं आफैंले हस्ताक्षर गरेको वर्तमान संविधानप्रति उतिसारो सन्तुष्ट हुनुहुन्न, होइन ?**

कुरा त्यसो होइन । आउँदा दिनहरूमा तपाईंले यस्ता विषय उठाउनुपऱ्यो, जसको बागडोर तपाईंकै हातमा होस् । त्यसो भएन भने त्यसको हाइज्याक अर्कै अतिवादी तत्वले गर्न सक्छ । अहिलेको अवस्थामा शान्ति, स्थिरताका लागि ६ सय १ जना मिलेर मुलुकलाई नयाँ संविधान दिइयो । ती ६ सय १ मध्ये एउटा म पनि हुँ । त्यो संविधानमा भएका सम्पूर्ण व्यवस्थाहरूलाई स्वीकारेर नै मैले हस्ताक्षर गरेको हुँ । झन्डै ९० प्रतिशतले हस्ताक्षर गरेको अर्थ ती सबैले त्यसलाई स्वीकारेका हुन् नि । त्यसमा केही त्रुटि होलान्, आउँदा दिनहरूमा कुन-कुन विषयमा हामीले प्रवेश गर्नुपर्छ र कस्तो परिस्थितिमा हामी प्रवेश गर्छौं भन्ने त भविष्यले नै बताउला । संविधान कार्यान्वयनको पक्ष सबल बनाउन दुई-चार वटा चुनाव गरेर जानुपर्छ अनि लोकतन्त्र बलियो हुन्छ । मेरो भनाइ धेरैचोटि राखिसकेको छु ।

**अहिलेको कांग्रेस बीपीको आदर्शभन्दा निकै पर पुगिसक्यो भनेर कांग्रेसकै धेरै नेताले बारम्बार भनिरहेका छन् नि ?**

होइन । २०३३ सालमा राष्ट्रियता खतरामा छ भनेर बीपी कोइरालाले मेलमिलापको नीति लिएर आउनुभयो । त्यसबेला उहाँलाई फाँसी पनि हुनसक्थ्यो तर पनि उहाँ आउनुभयो । उहाँको एकदम साधारण माग थियो- जनताले बालिग मताधिकारको प्रयोग गर्न पाउनुपर्छ । अर्थात्, चुनावमार्फत जनताले आफ्ना प्रतिनिधि चुन्न पाउने बहुदलीय व्यवस्था हुनुपर्छ । उहाँले आफू पहिलो पल्ट प्रधानमन्त्री भएका बेला विकेन्द्रीकरणको नीति अगाडि सार्नु भएको थियो । त्यही विकेन्द्रीकरण गर्नुपर्छ भन्ने कुरालाई नै बिस्तारै विकसित गर्दै अहिले हामीले संघीयताको कुरा ल्यायौं । उहाँको मन्त्रीमण्डल जति समावेशी थियो, मलाई लाग्छ-

क्रमशः पाँचौं पृष्ठमा

# पुनर्निर्माणका लागि तालिम प्राप्त १३ सय इञ्जिनियर परिचालन

**काठमाडौं ।** राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले सहरी विकास मन्त्रालयअन्तर्गत पुनर्निर्माणका लागि एक हजार ३ सय ४७ इञ्जिनियर खटाएको छ । प्राप्त तीन हजार आवेदक मध्येबाट छनोट गरिएका एक हजार ३ सय ४७ जना इञ्जिनियर तथा त्यत्तिकै संख्यामा सवइञ्जिनियर खटाइएको मन्त्रालयका सचिव दीपेन्द्रनाथ शर्माले बताए ।

छनौटमा परेका प्राविधिकहरूले प्रभावितले पाउने घर निर्माणको अनुदान रकम वितरणमा प्राविधिक सहयोग गर्नुका साथै घर निर्माणका डिजाइनमा



सल्लाहकारका भूमिका निर्वाह गर्नेछन् । कम्तीमा एक गाविस बराबर एक प्राविधिक उनीहरूलाई खटाइने छ ।

सोही अवसरमा संघीय मामिला तथा स्थानीय विकास राज्यमन्त्री कुन्तीकुमारी शाही र सहरी विकास राज्यमन्त्री मञ्जुकुमारी चौधरीले विपद् न्यूनीकरणको जिम्मेवारीसहित पुनर्निर्माणको अभियानमा खटिने प्राविधिकलाई सफलताको शुभकामना दिएका थिए । यसैगरी प्राधिकरणका कार्यकारी निर्देशक सुशील ज्ञवालीले प्राविधिकको बाटो पर्खिए रहेका भूकम्पपीडितको घरमा पुगेर परिवारको सदस्यसरह काम गर्न प्राविधिकहरू तत्पर हुनुपर्ने अपेक्षा व्यक्त गरे ।

यसैबीच अनुदान पाउन योग्य पहिचान गरिएका भूकम्प प्रभावित ११ जिल्लामा निजी आवास निर्माणमा प्राविधिक सहयोग गर्न सरकारले १ हजार १ सय इन्जिनियरलाई तयार पारेको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सहरी विकास मन्त्रालय, भवन निर्माण विभाग र भूकम्प प्रविधि राष्ट्रिय समाजका विज्ञले सोमबार र मंगलबार तालिम दिएर एक हजार एक सय इन्जिनियरलाई भूकम्प प्रभावित गाउँमा परिचालन गर्न तयार बनाएका हुन् ।

सहरी विकास मन्त्रालय केन्द्रीय आयोजना कार्यान्वयन एकाइका प्रमुख समेत रहेका सहसचिव शिवहरि शर्माका अनुसार एक साताभित्र तालिम पाएका इन्जिनियर सम्बन्धित जिल्लामा पुगिसक्नेछन् । अमेरिकी सहयोग नियोग यूएसएडको आर्थिक सहयोगमा तालिम पाएका इन्जिनियरले गाउँमा पुगेर भूकम्प प्रतिरोधी निजी आवास निर्माणमा प्राविधिक सहयोग पुऱ्याउनेछन् ।

प्राधिकरणका प्रवक्ता रामप्रसाद थपलियाले लगत संकलन पूरा भएका ११ जिल्लामा इन्जिनियर परिचालित हुनेछन् । इन्जिनियरहरूले गर्ने जाँचपासका आधारमा सरकारले भूकम्प प्रतिरोधी घर निर्माण गर्न तीन चरणमा दुई लाख रुपैयाँ अनुदान उपलब्ध गराउनेछ । भूकम्प प्रतिरोधी आवास निर्माण, पुनर्निर्माणका बारेमा इन्जिनियरलाई जानकारी गराएर पठाउन लागिएको सहरी विकास मन्त्रालयले जनाएको छ । लाभग्राहीले दुई लाख रुपैयाँ पाउने अनुदान सम्झौतामा हस्ताक्षर गरेपछि थालिने निजी आवास निर्माणमा इन्जिनियरको प्राविधिक सहयोग आवश्यक पर्दछ ।

भूकम्प गएको एक वर्ष पूरा भएको अवसरमा प्राधिकरणमार्फत स्थानीय विकास मन्त्रालय मातहतका निकायले ३ सय ८३ गाविसमा घर पुनर्निर्माणका लागि अनुदान पाउन योग्य घरधनीको सूची सार्वजनिक गरेका छन् । अनुदान पाउन योग्य व्यक्तिसँग सम्बन्धित गाविसका सचिवले अनुदान सम्झौता गर्नेछन् । अनुदान सम्झौतासँगै लाभग्राहीले बैंक खाता खोलेपछि पहिलो चरणमा ५० हजार रुपैयाँ उपलब्ध गराइन्छ । पहिलो चरणको रकम प्राप्त भएपछि लाभग्राहीले भूकम्पप्रतिरोधी घर बनाउन जग खनेर प्रक्रिया अगाडि बढाउनु पर्नेछ । त्यतिबेला इन्जिनियरको उपस्थिति अनिवार्य मानिन्छ ।

दोस्रो चरणमा ८० हजार रुपैयाँ र तेस्रो चरणमा ७० हजार रुपैयाँ इन्जिनियरले प्रमाणित गरिदिएको आधारमा लाभग्राहीले प्राप्त गर्नेछन् । थपलियाका अनुसार लाभग्राहीले जग राखेपछि ५० हजार, गारो लगाएपछि ८० हजार र छानो राखेपछि ७० हजार रुपैयाँ पाउनेछन् । एक हजार तीन सय ४५ जना इन्जिनियर एकैपटक परिचालन गर्ने प्राधिकरणको योजना भए पनि अहिले एक हजार एक सयजनाले मात्रै तालिम लिएका छन् ।

भूकम्प प्रभावित ३१ जिल्लामा एक हजार तीन सय ५० इन्जिनियर, ६ सय ५० सवइन्जिनियार र ५ सय ७८ असिस्टेन्ट सवइन्जिनियर आवश्यक पर्ने सहरी विकास मन्त्रालयको प्रक्षेपण छ । भूकम्पबाट प्रभावित १४ जिल्लामा ५ सय ७५ गाविस र ४२ नगरपालिका छन् । प्रभावित क्षेत्रमा पुनर्निर्माण अगाडि बढाउन रिक्त रहेका १ सय २५ गाविस सचिव अझै पुगिसकेका छैनन् ।

newskoseli.com
सबैतिरबाट, सबैका लागि...

onlinedabali
पलपलको खबर, सबैको विचार

## – संक्षिप्त समाचार –

# राष्ट्रपतिद्वारा दोस्रो अधिवेशन आह्वान

**काठमाडौं ।** राष्ट्रपति विद्यादेवी भण्डारीले संसद् अधिवेशनको आह्वान गरेकी छन् । राष्ट्रपतिले नेपालको संविधानको धारा २९६ बमोजिम प्रधानमन्त्रीको सिफारिसमा वैशाख २१ गते मंगलबार बिहान ११ बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरमा व्यवस्थापिका संसद्को दोस्रो अधिवेशन आह्वान गरेकी हुन् ।

व्यवस्थापिका-संसद्का महासचिव मनोहरप्रसाद भट्टराईद्वारा प्रकाशित सूचनाअनुसार उक्त मिति, समय र स्थानमा संसद् सदस्यहरूको उपस्थितिका लागि व्यवस्थापिका संसद सचिवालयले अनुरोध पनि गरेको छ ।

वैशाख २१ का लागि बजेट अधिवेशन लागि व्यवस्थापिका संसद्ले अधिवेशन आह्वान गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय समेत गरेको छ । सरकारका प्रवक्ता शेरधन राईले मन्त्रिपरिषद्को मंगलबारको बैठकपछि आउँदो बजेट अधिवेशन आह्वान गर्न सिफारिस गर्ने निर्णय भएको जानएका थिए । सोही सशस्त्र प्रहरी बलका कामु महानिरीक्षक दुर्जकुमार राईलाई महानिरीक्षकमा बढुवा गर्ने निर्णय समेत गरेको हो ।

सूचना तथा सञ्चारमन्त्री राईले 'गोरखापत्र'को ११६औं वार्षिकोत्सवका अवसरमा सो पत्रिकाको पहिलो अंकको साङ्केतिक चित्रअङ्कित दुई हजार दरका दुई हजार थान प्रति २५ ग्रामका चाँदीका स्मारिका सिक्का निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिने निर्णय गरेको जानकारी पनि दिए ।

बैठकले झुटो विवरण पेस गरी रुपन्देही जिल्लाबाट नेपाली नागरिकताको प्रमाणपत्र लिने भारतीयहरू महेन्द्रकुमार मिश्र, अनिलकुमार मिश्र र सतीशकुमार मिश्रको नागरिकताको प्रमाणपत्र रद्द गरी निजहरूलाई नेपाली नागरिकबाट हटाउने निर्णय गरेको छ । सो बैठकले गरिब घरपरिवार सहयोग समन्वय बोर्डको कार्यकारी उपाध्यक्षमा स्याङ्जाका जनकलाल तिवारीलाई नियुक्त गर्ने, राष्ट्रिय परिचयपत्र सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने तथा राष्ट्रिय युवा परिषद्को आर्थिक वर्ष ०७२/७३ सम्मका लागि सङ्गठन संरचना र अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णयहरू गरेको छ ।

सोही क्रममा नेपाल सरकारका १२ सहसचिवको पदस्थापन गरिएको छ । तीमध्ये सोमराज कोइराला, सुमन दाहाल, नारायणप्रसाद सापकोटा, जितेन्द्र बस्नेत र शिवराम न्यौपानेलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा, हरिराम शर्मालाई अर्थ मन्त्रालयमा तथा झलकराम अधिकारी, यमलाल भुसाल, यज्ञराज कोइराला, बलराम रिजाल र ईश्वर पौडेललाई अतिरिक्त समूहमा राख्ने निर्णय भएको छ ।

# स्वयम सेवक खटाउन प्रतिस्पर्धा गरौं: प्रधानमन्त्री

**काठमाडौं ।** प्रधानमन्त्री केपी शर्मा ओलीले भूकम्पपछिको पुनर्निर्माण अभियानमा स्वयम सेवक खटाउने कार्यमा प्रतिस्पर्धा गर्न राजनीतिक दललाई आह्वान गरेका छन् ।

पुनर्निमानका लागि खटिएका इञ्जिनियरलाई बिदाइ गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले राजधानीमा आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री ओलीले पुनर्निर्माण र नवनिर्माण हुन्छ भन्ने विश्वासका साथ नेपाली सौंच्चिकै मेहनती र बहादुर छन् भन्ने प्रमाणित गर्न आवश्यक रहेको बताए ।

प्रधानमन्त्री ओलीले 'कुरा काट्न र कुरा पिट्न जान्ने सबैलाई एक महिना गाउँगाउँमा गएर पुनर्निर्माणमा लाग्न आह्वान गर्छु । सबै दलले कहिलेदेखि कति कार्यकर्ता खटाउने त्यसका हामी प्रतिस्पर्धा गरौं नेपाल जुरुक्कै उठ्न सक्छ' भने । नयाँ जिम्मेवारी सहित खटिने इञ्जिनियरलाई पीडितसमक्ष गएर 'देवदूत' को रुपमा काम गर्न आग्रह गर्दै उनले थपे पुनर्निर्माण र नवनिर्माणको यस अभियानले मुलुक बाहिर रहेका युवालाई पनि स्वदेशमा फर्काएर काम दिन सरकार लागि परेको बताए ।

गत वर्ष एमालेले एक महिनासम्म दैनिक तीन हजारका दरले स्वयमसेवक परिचालन गरेको दावी गर्दै प्रम ओलीले अब एक इञ्जिनियरका साथ कम्तीमा १० स्वयम सेवक खटाउनु पर्नेमा जोड दिनुभयो । 'कुनै पनि मुलुक त्यहाँका जनता आफैंले बनाउँछ भनेपछि मात्र बन्छ, अर्कोले आएर बनाउँदैन, चीन, कोरिया, भारत त्यही बाटोमा छन् । हामी पनि विश्वलाई देखाउने गरी मुलुक निर्माणमा लाग्नुपर्छ' भूकम्प प्रभावित क्षेत्रका जनतामा भोकमरी भएमा पनि खबर र सहयोग गर्न आग्रह गर्दै प्रम ओलीले थपे 'कोही पनि नेपाली खान नपाएर मर्नु हुँदैन, सरकार साथमा छ ।' यतिबेला प्रधानमन्त्री ओलीको बोलीमा जति नै दम देखिए तापनि भूकम्प गएको एक वर्ष बितिसक्दा समेत त्रिपालमुनि आकाशको तारा गन्दै कठ्याङ्गिने तुसारो र चुहिँदो झरीमा जोखिमपूर्ण दैनिकी गुर्जान बाध्य प्रभावितहरूप्रति सरकार कति जिम्मेवार हुने हो त्यो त भोलिका दिनमा प्रष्ट हुनेछ ।

# चन्द्रवंशीलाई खोजी दिन अपिल

**इनरुवा ।** सुनसरी प्रकाशपुर– २ का पञ्चु चन्द्रवंशीको १९ वर्षीय छोरा गोपाल सात महिनादेखि बेपत्ता रहेको परिवारले जनाएको छ । सँगै घर भएका गोपालकै काका गेदन चन्द्रवंशीका ससुरा फेकु चन्द्रवंशीले उनका छोरी ज्वाईंको झगडा मिलाउन लिएर गएदेखि आफ्नो छोरा बेपत्ता भएको पञ्चुका परिवारले बताए ।

सात महिनादेखि बेपत्ता भतिजा गोपाललाई खोजी गरिदिन तथा खोजविनमा पहलका लागि काका गेदन चन्द्रवंशीलेसम्बन्धीत पक्षसँग अपिल गरेका छन् । गेदनले भतिजा गोपाललाई प्रकाशपुर– ९ का फेकु चन्द्रवंशीले जबर्जस्ती को४प ७२५८ नम्बरको मोटरसाइकलमा राखी आफ्नो घर लगेको र त्यसपछि बेपत्ता भन्दै खोजीका लागि अपिल गरेका छन् ।

फेकुले गोपाललाई २०७२ असोज २१ गते साँझ ७ बजेतिर बेपत्ता पारेको परिवारजनले बताए । घटनाबारे प्रहरीलाई जानकारी गराउँदै उजुरी दिइएको भए पनि छानविन र खोजविनमा प्रहरीले उदासिनता देखाएको परिवारले परिवारले गुनासो गरे । दुवै पक्ष प्रहरीमा आएर १५ दिनभित्र खोजी गर्ने जनाउँदै जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक पोषराज पोखरेलले आगामी जेठ १ दुवै पक्ष प्रहरीमा हाजिर हुने गरी गएको जानकारी दिए ।

# विप्लवका विद्यार्थीद्वारा काठमाडौं जिशिअलाई कालो मोसो

**काठमाडौं ।** नेत्र विक्रम चन्द विप्लव नेतृत्वको माओवादीसम्बद्ध विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)ले काठमाडौंका जिल्ला शिक्षा अधिकारी शंकर गौतमलाई मोसो दलेका छन् ।

विद्यार्थीहरूले आर्थिक अनियमितता गरेको, नीजि विद्यालय सञ्चालकले विद्यार्थीसँग मनपरी शुल्क लिइरहे पनि नियन्त्रण गर्न नसकेकोलगायतका आरोप लगाउँदै गौतमलाई कालोमोसो दलेका हुन् । गौतमलाई विद्यार्थीहरूले कार्यकक्षामा नै पुगेर मोसो दलेका थिए ।

आफूले कुनै पनि अनियमितता नगरेको, नियमित कर्तव्य निर्वाह गरिरहेको भन्दै गौतमले आफ्नो बचाउ गरेका छन् । 'जिशिअ, स्थानीय विकास अधिकारी लगायतका पदमा बसेका व्यक्तिलाई यस्तो घटना हुनु सामान्य हो' भन्दै गौतमले थपे 'म यस्तो कामबाट कहिल्यै पनि हतोत्साही हुन्न, आफ्नो जिम्मेवारी पुरा गरिरहन्छु ।' लामो समयदेखि नीजि विद्यालयको मनोमानी शुल्कप्रति विद्यार्थीहरूल ध्यानाकर्षण गराउँदै आएका थिए ।

# रोजगारी र समृद्धि लागि आर्थिक क्रान्तिः सागर

**काठमाडौं ।** एमाओवादीका काठमाडौं जिल्ला समिति उपाध्यक्षबाट चन्द्रबहादुर थापा 'सागर'ले पार्टीको सम्पूर्ण पदीय जिम्मेवारीबाट राजीनामा दिएका छन् । 'रोजगारी र समृद्धिका लागि आर्थिक क्रान्ति'को अभियानको नेतृत्व गर्दै आएका थापाले बेरोजगार वर्गको मुक्ति नभएसम्म दलीय जिम्मेवारी नलिने घोषणा गर्दै पार्टीबाट राजीनामा दिएका हुन् ।

'जबसम्म बेरोजगार वर्गको मुक्ति हुने छैन तबसम्म दलको पदीय जिम्मेवारी नलिने, कुनै पनि चुनावी प्रतिस्पर्धामा सहभागी नहुने र दलीय राजनीतिक लाभको पद समेत नलिने घोषणा गर्दछु' थापाद्वारा जारी विज्ञप्तीमा उल्लेख छ । थापाले रोजगारी र समृद्धिका लागि आर्थिक क्रान्तिको अभियान स्वतन्त्र नागरिकको हैसियतमै गर्ने बताएका छन् ।

'म चन्द्र बहादुर थापा आजसम्म रोजगारी र समृद्धिको लागि आर्थिक क्रान्तिको अभियानको नेतृत्व गर्दै आइहेको छु' सञ्चारकर्मीहरूलाई सम्बोधन गर्दै जारी गरिएको विज्ञप्तीमा भनिएको छ 'यो अभियान स्वतन्त्र सामाजिक अभियान भएको सार्वजनिक गर्दै आए पनि म एनेकपा माओवादीको काठमाडौं जिल्ला उपाध्यक्षको जिम्मेवारीमा पनि रहेको हुँदा आजको मितिदेखि पार्टीको सम्पूर्ण जिम्मेवारीबाट राजीनामा दिएको छु ।'

थापाले बेरोजगार वर्गको मुक्ति नभएसम्म कुनै पनि दलको पदिय जिम्मेवारी नलिने तथा लाभको पद र चुनावी प्रक्रियामा पनि सहभागी नहुने घोषणा समेत गरेका छन् । यसअघि एमाओवादी युवा संगठन वाईसीएलको उपत्यका संयोजकको जिम्मेवारी रहेका बेला बेरोजगार युवा संघ खोलेर त्यतैतिर बढी क्रियाशील हुन थालेपछि सागरलाई जिम्मेवारीबाट हटाएर पार्टीले रामप्रसाद सापकोटा दिपशिखालाई वाईसीएल संयोजक बनाएको थियो ।

आगामी दिनमा आफू पूर्णरुपले अभियानमा क्रियाशील हुने भन्दै राजीनामा दिएसँगै उनकै नेतृत्वमा १२ जना युवाहरूले बुधबारदेखि राजधानीकै खुल्ला मञ्चमा अनिश्चितकालीन सामूहिक आमरण अनसन बसेका छन् ।

# कालोबजारीको संरक्षक बन्दै सरकार !

**काठमाडौं ।** नेपाली काङ्ग्रेसका नेता प्रकाशमान सिंहले सरकारकै संरक्षणमा कालोबजारी फस्टाएको आरोप लगाएका छन् । 'सरकारकै संरक्षणमा मुलुकमा कालोबजारी भइहेकोछ' मंगलबार विजयस्मारक उच्चमाविको मल्टिमिडिया सभा कक्षको उद्घाटन गर्दै नेता सिंहले थपे 'यसको नियन्त्रणमा जनता लाग्नुपर्छ ।'

सरकारले कालोबजारी नियन्त्रण नगर्नु नै कालोबजारीको संरक्षण गरेको प्रमाण भएको ठोकुवा गदै सिंहले भूकम्प गएको एक वर्षसम्म समेत पुनर्निर्माण नभएकाले संसद बैठक बोलाउन माग गरे ।

उनले देशमा देखिएका समस्या समाधानका लागि सरकारले कुनै आनाकानी नगरी संसद बैठक बोलाउनु पर्नेमा जोड दिए । 'भूकम्पको पुनर्निर्माण, संविधान कायान्वयन लगायत गम्भीर कुरालाई संसदमा छलफल गनुपर्छ, यसका लागि संसद् बैठक चाँडो बोलाउनुपर्छ' उनले भने । आफूले सामुदायिक विद्यालयका पुर्वाधार विकास र शैक्षिक उन्नतिका लागि आफ्नो निर्वाचन क्षेत्र विकासका लागि प्राप्त हुने सबै रकम विभिन्न विद्यालयलाई प्रदान गर्दै आएको जनाए ।

# तुवाँलोका कारण हवाई सेवा प्रभावित

**डोल्पा ।** वैशाखको पहिलो हप्तादेखि लागेको धुवाँजस्तो तुँवालोका कारण दुई दिनदेखि जिल्लामा हवाई सेवा प्रभावित भएको छ । डोल्पामा मुख्य यातायातको रुपमा रहेको जुफाल विमानस्थलको हवाई सेवा बाक्लो तुँवालोका कारण दुई दिनदेखि प्रभावित हुँदा यात्रुहरू गन्तव्यतर्फ जान पाएका छैनन् ।

नेपालगञ्ज डोल्पाको बीच हवाई मार्गमा धुवाँजस्तो देखिने तुँवालोले मार्ग बन्द भएपछि हवाई सेवा प्रभावित भएको तारा एअरका कर्मचारी लंक भण्डारीले बताए । भण्डारीका अनुसार तुँवालोकै कारणले दुई दिनमा पाँचदेखि सात वटासम्म उडान रद्द भएका छन् ।

तुँवालोले विमानस्थल छोपेकाले बिहीबार पनि उडार रद्द हुने सम्भावना देखिएको छ । उडान नभएपछि यात्रुहरूलाई आवतजावत गर्न असहज भएको छ ।

# कोइरालाहरुको विरासत ...

आजसम्मका अरु मन्त्रीमण्डल त्यस्ता छैनन् । त्यही बेलादेखि बीपीले पार्टीभित्र समावेशीकरणको कुरा गर्नुभयो, त्यो कुरा आज संविधानमार्फत सुरक्षित भएको छ । अत्यन्तै राम्रो संविधान आएको छ तर अब कार्यान्वनका लागि हामी कसरी अगाडि जाने भन्ने चुनौती हाम्रासामु बाँकी छ ।

**तपाईं त बेलाबेला 'प्रतिगमन' को त्रास पनि देखाइरहनु हुन्छ नि ? किन त्यसो गर्नुभएको ?**

तपाईं यसलाई चेतावनी नठान्नुस्, म सावधानीका लागि दृष्टान्त दिन चाहन्छु- अहिले पनि लोकतन्त्र खतरामा छ । हाम्रै क्रियाकलापले गर्दा भोलि अतिवादी शक्तिहरू सल्बलाउन सक्छन् । जुन कुरा बीपीले पनि भन्नुभएको थियो कि यस्तो परिस्थिति आउँछ, जब अतिवादी शक्तिहरू सबै एक ठाउँमा उभिन्छन्, त्यो बेला फेरि लोकतन्त्र खतरामा पर्छ । त्यसैले अहिलेको अवस्थामा सबैले यो संविधानलाई गम्भीरतापूर्वक कार्यान्वयन गर्ने दिशातिर लाग्नुपऱ्यो । मैले अघि पनि भनें- शान्ति, लोकतन्त्र र विकासका लागि सबैभन्दा पहिले संविधान नै कार्यान्वयन गर्नुपर्छ । जबसम्म प्रान्तीय, स्थानीय वा आम निर्वाचन हुँदैन, तबसम्म लोकतन्त्रले जरो गाड्दैन र संविधानको प्रतिफल पनि देखिन सक्दैन । भारतमा नै झन्डैझन्डै ७० वर्ष भइसक्यो यो अभ्यास भएको । त्यसैले संसारको लार्जेस्ट डेमोक्रेसी भन्छन् भारतलाई । हामीले त भर्खर एउटा नयाँ संविधान पाएका छौं । यसलाई कार्यान्वयन गर्न धेरै समय लाग्ला । प्रान्तको सीमांकनका कुरा बाँकी नै छन्, प्रान्तलाई सक्षम बनाउन सक्नुपऱ्यो । यी चुनौती कायमै छन् । नेपाल कति दिन गरिबीको रेखामुनि बसिरहने ? यत्रा स्रोत-साधन छन् तैपनि हामी यो अवस्थामा छौं । त्यसैले हामीलाई अहिले चाहिएको छ विकास र स्थिरता अनि त्यसका लागि संविधानको कार्यान्वयन ।

**ठूलठूला चुनौती छन्, सामना गर्न सकिँदैन भन्ने चिन्ता हो त तपाईंको ?**

निश्चय नै हाम्रा सामु ठूलठूला चुनौतीहरू छन् । हामीले मधेशी समस्याको समाधान खोज्नु छ । हुन त धेरैजसो समस्या समाधानका लागि पूर्वप्रधानमन्त्री सुशील कोइरालाले द्वार खोलिदिनुभएको थियो- जनसंख्याको आधारमा क्षेत्र निर्धारण, समावेशी र समानुपातिक हुनुपर्छ भनेर । जो मधेशीहरूको माग पनि हो । सीमाङ्कनका अप्ठ्यारा सम्बोधनका लागि मधेशी दलहरू, नेपाली कांग्रेस, नेकपा एमाले र एमाओवादीसहितका मुख्य तीनटा दललगायत सबै बसेर गम्भीर छलफल हुनुपऱ्यो । त्यसो गर्दा हामी सजिलै टुंगोमा पुगौंला भन्ने ममा विश्वास छ ।

**कांग्रेस प्रतिपक्षमा छ, वर्तमान सरकारको कार्यशैली र क्रियाकलापको मूल्यांकन कसरी गरिरहेको तपाईंको पार्टीले ?**

त्यही त, मैले पटकपटक भनें नि अहिले त्यति सजिलो राजनीतिक परिस्थिति छैन भनेर । तिनको समाधान एक्लो कांग्रेसले गर्न सक्दैन । समाधानका लागि त सबै दलबीच विश्वासपूर्ण सहकार्यको आवश्यकता हुन्छ । प्रतिपक्षमा बसिसकेपछि विरोधका लागि विरोध गर्नुभन्दा रचनात्मक प्रतिपक्षी बन्नुपर्छ भन्ने मेरो धारणा छ । जब लोकतन्त्र बलियो हुँदै जान्छ अनि प्रतिपक्षको भूमिका पनि अर्कै प्रकारको हुन्छ । यो कुरा सत्य हो कि अहिलेको अवस्थामा प्रधानमन्त्री ओली नेतृत्वको सरकारले कालोबजारीतर्फ जति ध्यान दिनुपर्थ्यो त्यति दिएको देखिँदैन । नाका खुल्दाखुल्दै पनि कालोबजारीको चर्को समस्या कायमै छ । मधेशी दलहरूले अब काठमाडौंकेन्द्रित आन्दोलन गर्छौं भनिरहेका छन् । शायद यस सम्बन्धमा सरकार र सरोकारवालाबीच गम्भीर छलफल भएको छैन कि ? भारतसँग चिसिएको सम्बन्ध सुधारका लागि पनि सोच्नुपर्ने छ । यी समास्या समाधानका लागि अरु दलहरूसँग पनि वार्ता गर्न सक्नुपर्‍यो नि । अहिले हामीले खालि आलोचना मात्रै गरेर हुँदैन, भोलि शेरबहादुर देउवाले सरकारको नेतृत्व गर्दा पनि सम्पूर्ण दोष कांग्रेसलाई लाग्छ । त्यसैले अहिलेको राजनीतिलाई सन्तुलनमा ल्याउन सबै दलहरूसँग संवाद गरेर निर्णय लिनुपर्ने आवश्यकता छ । यसर्थ म विरोधका लागि विरोध गर्नकै लागि प्रधानमन्त्री ओली र उहाँ नेतृत्वको सरकारको आलोचना गर्ने पक्षमा छैन । तर, सतर्क चाहिँ गराइदिनुपर्छ- यावत् चुनौतीहरूको सम्बोधन कसरी गर्ने हो ? सरकारले समयमै सोच्नुपऱ्यो ।

**तपाईं यसो भन्नुहुन्छ तर कांगेसकै कतिपय प्रभावशाली नेताहरूले यो सरकार बेकम्मा भइसक्यो, अब कांगेसको नेतृत्वमा सरकार नबनाई देशमा कुनै काम अघि बढ्दैन भनिरहेका छन् नि ?**

एक्लो कांग्रेसले के गर्न सक्छ ? कि त हामीसँग दुईतिहाई हुनुपर्थ्यो । नेपाली कांग्रेस सरकारमा गए पनि सरकार त बहुमतकै हुन सक्छ । त्यस्तो सरकारमा मधेशी पार्टीहरू, माओवादी अथवा एमाले पनि अटाउन सक्छ । तर, दुईतिहाईको सरकार नभएसम्म समस्याको समाधान गर्न कठिल हुन्छ । कांग्रेस सबैभन्दा ठूलो पार्टी भएकाले उसैले सरकारको नेतृत्व गर्नुपर्छ भन्ने भनाइ त यथार्थ र स्वाभाविक कुरा नै हो । प्रधानमन्त्री ओलीले नेपाली कांग्रेसलाई आफैंले नेतृत्व गरेको सरकारमा आउन आग्रह गरिरहनु भएको छ । म के भन्न चाहन्छु भने कांग्रेस सबैभन्दा ठूलो पार्टी हो, हाम्रो नेतृत्वमा सर्वदलीय सरकार बनाउँ अनि ओलीजीहरू पनि हाम्रो नेतृत्वको सरकारमा आउन तयार हुनोस् । एउटा भनाइ छ- तपाईं कुनै समस्याको समाधान होइन भने तपाईं स्वयम् नै समस्या हो । सबै यथार्थलाई बुझेर अगाडिका दिनमा हामीले कदम चाल्नुपर्छ, चाल्छौं ।

**त्यसो भए ओली सरकारको दिनगन्ती सुरु भयो भनेर बुझ्दा भो ?**

तपाईंहरू पत्रकारिता गर्ने र हामी राजनीति गर्नेहरूलाई एकदमै सनसनीपूर्ण समाचार चाहिन्छ । मेरो भनाइ चाहिँ के हो भने अहिले नेपाल अत्यन्तै संवेदनशील र गम्भीर अवस्थामा छ । भारतसँगको सम्बन्ध पनि एकदमै चिसिएको छ । अहिले राष्ट्रियतासँग गाँसिएका कुरामा सम्पूर्ण नेपाल र नेपाली एक भएर लाग्नुपर्छ नकि विरोध गरेर समस्याको सम्बोधन हुन्छ । त्यसैले यतिबेला कांग्रेसले सत्ताधारी हुन हतार गर्नुभन्दा रचनात्मक प्रतिपक्षको भूमिका खेलेमा नेपालले निकास, स्थिरता र समृद्धि पाउँछ ।

**अन्त्यमा, तपाईं बीपी कोइरालाका सुपुत्र हुनुहुन्छ । बीपीका बराबरी महत्वका दुईथरी व्यक्तित्व छन्- एउटा राजनीतिक र अर्को साहित्यिक । उहाँका राजनीतिक उत्तराधिकारी त धेरै नै देखापरे तर साहित्यिक उत्तराधिकारीको खडेरी पऱ्यो भनिन्छ, तपाईं के भन्नुहुन्छ ?**

तपाईंले भनेको ठीक हो । बीपीजस्तो मान्छे नेपालमा फेरि जन्मिन्छन् या जन्मिँदैनन्, भन्न सकिँदैन । उहाँको साहित्यिक पाटोबाट धेरै व्यक्तिहरू प्रभावित हुनुभएको थियो । भारतका ठूलठूला साहित्यकारहरू र भारतीय जेलमा बस्दा पनि धेरैजना प्रेरित हुनुभएको थियो । उहाँका उपन्यास, आत्मवृत्तान्त र जेलजीवनलगायत थुप्रै विधा एवं विषयका पुस्तकहरू छापिए, सबैलाई थाहा नै छ । म नाम लिन चाहन्छु प्रदिप गिरिजीको । उहाँले बीपी र उहाँको जीवन, साहित्यका बारेमा थुप्रै लेखिराख्नु भएको छ । भर्खर मात्रै पनि गिरिजीका राम्रा लेखहरू मैले पढ्न पाएँ ।

म साहित्कार होइन, एउटा डाक्टर हुँ, डाक्टरी पेशामा लागेर नै काम गरियो । साहित्यप्रति रुचि राख्छु तर बीपीको जस्तो साहित्यिक कला, भावना, भाषा र मस्तिष्क ममा छैन ।

प्रस्तुति : **केदार गौतम/टीकाराम सुनार**

# संविधान विरोधीलाई नछाडिन्न: गृहमन्त्री

**बुटवल ।** गृहमन्त्री शक्तिबहादुर बस्नेतले संविधान विरोधी कुनै पनि कार्यलाई रोक्न सुरक्षा निकायका प्रमुखलाई निर्देशन दिएका छन् ।

सरकारको मुख्य कार्यभार नयाँ संविधान कार्यान्वन रहेको बताउँदै बस्नेतले त्यसकाविरुद्ध गरिने कुनै पनि गतिविधिलाई तत्काल नियन्त्रणमा लिन सुरक्षा निकायलाई निर्देशन दिए ।

बुटवलमा सोमबारदेखि सुरु भएको क्षेत्रीय विशेष सुरक्षा गोष्ठीको उद्धाटन गर्दै मन्त्री बस्नेतले संविधान विरोधी कार्यलाई परिस्थिति हेरेर नियन्त्रण गर्न निर्देशन दिए । 'आन्दोलन गरेर जनतालाई भड्काउने अहिलेको अवस्था होइन' गृहमन्त्री बस्नेतले संविधान सहमति र सम्झौताको दस्तावेज भएको बताउँदै संविधानमा कसैको चित्त नबुझे पनि प्राप्त उपलब्धिलाई संस्थागत गर्नु अहिलेको आवश्यकता भएको बताए ।

आन्तरिक सुरक्षा नीति, सुरक्षा तर्जुमा गठन गरी विशेष सुरक्षा व्यवस्था अपनाइने बताउँदै उनले जनता भड्काउने कसैलाई छाड्न नहुने बताए । लुम्बिनी अञ्चलका छ जिल्लासँगै चितवनका सुरक्षा प्रमुख र प्रमुख जिल्ला अधिकारीहरूको उपस्थिति रहेको गोष्ठिलाई सम्बोधन गर्दै बस्नेतले भने 'संविधानको कार्यान्वयनको चरणमा जानु राज्य र सबैको राष्ट्रिय कार्यभार हो ।'

# उत्तर कोरियाद्वारा पनडुब्बी क्षेप्यास्त्र परीक्षण



**सोल ।** दक्षिण कोरियाली रक्षा मन्त्रालयले उत्तर कोरियाले पनडुब्बीबाट प्रहार गर्नसक्ने ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको बताएको छ । उत्तर कोरियाले शनिबार जापान सागरमा क्षेप्यास्त्र परीक्षण गरेको दक्षिण कोरियाको दावी छ ।

उत्तर कोरियाका सर्वोच्च नेता किम जोङ उनले पनि उक्त क्षेप्यास्त्रको परीक्षण गरेको उत्तरको आधिकारिक समाचार समिति कोसिएनएले जनाएको छ । पानी मुन्तिर निकै लामो दूरीसम्म अत्यन्त तीव्र गतिका साथ जाने, आकाशमा पनि तेज गतिमा ठाडो सीधा गई लक्ष्यमा प्रहार गर्नसक्ने अत्यन्त शक्तिशाली क्षेप्यास्त्र परीक्षण गरिएको सर्वोच्च नेता किमले बताएको कोसिएनएले उदृत गरेको छ ।

मुलुकको जलसेनाको सामरिक शक्तिमा प्रचुर विकास गर्न र परिआएमा दक्षिण कोरियाको अत्याधुनिक वा अमेरिका समर्थित शक्तिहरू विरुद्ध आणविक युद्धका लागि चुनौति दिन समेत क्षेप्यास्त्र सक्षम रहेको किमले दावी गरेका छन् । उत्तर कोरियाले पनडुब्बीबाट प्रहार गर्न सकिने क्षेप्यास्त्र परीक्षण गरिरहेको छ ।

उक्त आणविक परिक्षण सफल भए दक्षिण कोरियामाथि आफ्नो प्रभाव बढ्ने उत्तरको अपेक्षा रहेको छ ।

परीक्षणलाई लिइर संयुक्त राज्य अमेरिकाले उत्तर कोरियालाई चेतावनी समेत दिइसकेको छ । दक्षिण कोरियाली रक्षा मन्त्रालयका प्रवक्ताले उत्तरले स्थानीय समय अनुसार बिहान ६:३० मा परीक्षण गरेको पुष्टि गरेको छ । समाचार एन्जेसीहरूका अनुसार जापान सागरको सिनपो बन्दरगाह नजिकै एउटा क्षेप्यास्त्र परीक्षण गरिएको उल्लेख गरिएको छ । उत्तर कोरियाली सेनाको गतिविधिबारे दक्षिणले निगरानी गरिरहेको पनि उनले खुलासा गरेको छ । दक्षिण कोरियाले भने उक्त परीक्षणको सफलता भएको नभएकोबारे यकिन बताइएको छैन । उत्तर कोरियाली प्रवक्ताका अनुसार क्षेप्यास्त्र ३० किलोमिटरसम्म गएको थाहा भएको र त्यसपछिको अवस्था थाहा भएन ।

अमेरिकाले भने उत्तर कोरियाले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्तावको उल्लंघन गरेको आरोप लगाएको छ । उत्तर कोरियाका यस्ता गतिविधिमाथि आफूले गम्भीर चासो दिएको अमेरिकाको भनाइ छ । अमेरिकी विदेश विभागका प्रवक्ता जोन किर्बीले भने 'हामी उत्तर कोरियाका गतिविधिलाई निगरानी गरिरहेका छौं, कोरियाली प्रायद्वीपमा हुने यस्ता घटनाप्रति हामी सजग छौं ।'

# चीनको कडा विरोध पछि झुक्न बाध्य भारत

**काठमाडौं ।** चीनले कडा विरोध जनाएपछि भारतले चीनको उइगुर समुदायका विद्रोही नेता डोलकुन इसाको भिसा रद्द गरिदिएको छ । आतंकवादी नेतालाई भिसा दिएको भन्दै चीनले कडा आपत्ति जनाएको एक दिन बित्न नपाउँदै भारतले ती विद्रोही नेताको भिसा र रद्द गरेको गरेको छ ।

इन्टरपोलले समेत नोटिश जारी एक आतंकवादी नेता डोलकुनलाई भारतले भिसा दिएपछि चीनले भारतको कडा विरोध गरेको थियो । चीनले डोलकुनलाई आतंकवादी भएको बताउँदै पक्रेर कानुनको जिम्मा लगाउनु सबैको साझा दायित्व भएको बताउँदै भिसा दिने कदमप्रति आक्रोश पोखेपछि भारतले आफ्नो निर्णयलाई उल्ट्याएको हो ।

हाल जर्मनीमा रहँदै आएका विश्व उइगर कांग्रेस (डब्लुयुसी) का नेता भारतले आफ्नो भिसा रद्द गरिदिएपछि निराशा व्यक्त गरेका छन् । ईसालाई भारतको धर्मशालामा हुने एक सम्मेलनमा भाग लिनका लागि भारतले भिसा दिएको थियो । अमेरिकी संगठन 'इनसटिब्स फर चाइना' ले यो सम्मेलन आयोजना गरेको हो । यसमा उइगर समुदाय समेत चीन सरकारविरुद्ध आवाज उठाइरहेका अन्य नेताहरू पनि सहभागी हुने सम्भावना छ ।

पछिल्लो पटक आतंकवादी संगठन जैस ए मोहम्मदका प्रमुख मसुद अजहरमाथि संयुक्त राष्ट्रसंघमा प्रतिबन्ध लगाउने भारतको प्रयासमा चीनले भिटो प्रयोग गरेर झट्का दिएको थियो । मसुदलाई भारतले मुम्बई हमलाका मुख्य योजनाकार मान्दै आएको छ । यस विषयमा भारतीय विदेशमन्त्री सुष्मा स्वराज र रक्षामन्त्री मनोहर पर्रिकरले आफ्नो चीन यात्राका बेला त्यहाँका अधिकारीसँग चीनले आतंकवादीलाई मद्दत गरेको भन्दै आपत्ति प्रकट गरेका थिए । चीनले भने अजहरमाथिको आफ्नो व्यवहार उचित भएको पटक-पटक दावी गरेको थियो ।

चीनको यही कदमको जवाफमा भारतले विद्रोही चिनियाँ नेतालाई भारत आउने भिसा दिएको थियो । भारतको यो निर्णयपछि चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले लिखित जवाफमा भने, 'मलाई अहिल्यै यसबारेमा कुनै जानकारी आइसकेको छैन ।' विदेश प्रवक्ताले डोलकुसहित उनको संगठनका नेतालाई यसै महिनाको अन्तिममा धर्मशालामा दलाई लामासँग भेट्ने अनुमति भारतले दिएको बारेमा जानकारी माग्दा कुनै प्रतिक्रिया दिएनन् । 'म यति भन्न चाहन्छु, इन्टरपोल र चिनियाँ पुलिसको रेड कर्नर नोटिसमा डोलकु एक आतंकवादी हुन्, उनले भनेका छन्, 'उसलाई न्यायको कठघरामा उभ्याउनु सबै देशको दायित्व हो ।' भारतीय विदेश मन्त्रालयका प्रवक्ता विकास स्वरुपले यसबारेमा सञ्चारमाध्यमको समाचार हेरिरहेको बताउँदै मन्त्रालय तथ्यको जाँचमा लागिरहेको प्रतिक्रिया दिए ।

चीन सरकारले भारतद्वारा उइगुर नेतालाई भिसा दिएको घटनाप्रति आक्रोश पोखेको थियो । इसा आतंकवादी भएको र उनीमाथि अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) ले रेडकर्नर नोटिस जारी गरेको बताएको छ । यस्ता अपराधीलाई पक्राउ गर्न सहयोग गर्नु सबैको जिम्मेवारी भएको चीनको भनाइ छ । चीनको विदेश मन्त्रालयका प्रवक्ता ह्वा चुनयिङले इसा जस्ता आतंकवादीलाई पक्राउ गर्न सबैले सहयोग गर्ने पनि बताए । इसा र उनका साथीले चीनको मुस्लिम बहुल सिनजियाङ क्षेत्रमा आतंकवादी घटना गराउँदै आएको बेइजिङको भनाइ छ । त्यस प्रान्तमा स्थानीय उइगर विद्रोही र सुरक्षाकर्मीबीच बारम्बार भिडन्त हुने गरेको छ । इसालाई सन् १९९० मा जर्मनीले शरण दिएको थियो ।

# जनआन्दोलनका दोषी दुर्जकुमार राई सशस्त्रको आईजीपी

**काठमाडौं ।** सरकारले दोस्रो जनआन्दोलनका दोषी तथा नेपाली सेनाका भगौडा दुर्जकुमार राईलाई सशस्त्र प्रहरी बलको महानिरीक्षक बनाएको छ ।

मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले राईलाई सशस्त्र प्रहरी महानिरीक्षकमा बढुवा गरेको हो । सरकारले जनआन्दोलनका दोषी प्रहरी राईलाई कायममुकायम महानिरीक्षक बनाएको भन्दै यसअघि पनि आलोचना भएको थियो । सरकारका प्रवक्ता तथा सूचना तथा सञ्चार प्रविधि मन्त्री शेरधन राईले मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले राईलाई महानिरीक्षक (आईजीपी) मा बढुवा गरिएको जनाए । अनियमितता गरी अकुत सम्पत्ति कमाएको भन्दै तत्कालीन प्रमुख कोषराज वन्तविरुद्ध अख्तियारले मुद्दा चलाएपछि सरकारले राईलाई कायममुकायम महानिरीक्षक बनाएको थियो ।

केपी ओली नेतृत्वको सरकारले यसअघि राईलाई कामु सशस्त्र प्रहरी महानिरीक्षकमा नियुक्त गरेको थियो । भ्रष्टाचार अभियोग लागेका सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तलाई निलम्बन गर्दै सरकारले एआईजी राईलाई कायम मुकायम महानिरीक्षकको जिम्मेवारी दिएको हो । आकांक्षी एआइजीहरू जीवन थापा र कृष्णकुमार तामाङलाई उछिन्दै राई कामु महानिरीक्षक बनेका हुन् । एमालेले राईलाई र एमाओवादी तामाङलाई कामु आईजीपी बनाउन चाहेको थियो । सरकारले राईलाई एक महिनाअघि नै महानिरीक्षक बनाउने सरकारले तयारी गरेको भए पनि नेपाली सेनाको रेकर्डमा भगौडा भएको देखिएपछि सरकार पछि हटेको थियो ।

## कांग्रेससँग ...

कोइराला र वरिष्ठ नेता रामचन्द्र पौडेल अमेरिकामा छन् ।

कांग्रेसका सबै नेताहरू आ-आफ्नो पारिवारिक काम देखाउँदै विदेशतिर हानिएका हुन् । शशांक र पौडेलको अमेरिका यात्राले खासै राजनीतिक अर्थ नराखे पनि सभापति देउवाको भारत भ्रमण भने निकै अर्थपूर्ण मानिएको छ ।

देउवा पत्नी आरजु राणाको उपचारको लागि दिल्ली जान लागेको जानकारी गराइएको थियो । नितान्त उपचारका लागि जाने भएकाले देउवाको कुनै राजनीतिक भेटघाट नहुने उनका सचिवालयले दावी गरेको थियो ।

देउवा अघि कांग्रेसका हिन्दु राज्य पक्षधर नेता खुमबहादुर खड्का र भारतका एक नम्बरका एजेन्ड कहलिएका सांसद अमरेश कुमार दिल्ली पुगेका थिए । खुमबहादुर र अमरेशले भारत भ्रमण गरेपछि देउवाको दिल्ली भ्रमणलाई निकै अर्थपूर्ण हुने आशंका व्यक्त गरिएको छ । देउवाले भारत भ्रमण क्रममा भारतीय विदेशमन्त्री सुष्मा स्वराजसँग भेटमा नेपालका देखिएका समस्याको समाधान गर्ने विषयमा छलफल भएको बताए । मधेसलगायत सबै समस्या नेपाल आफैंले हल गर्न सक्षम रहेको बताउँदै देउवाले भारत र नेपालबीचको सम्बन्ध सुधारका लागि आफूले भूमिका निर्वाह गरेको बताए ।

सरकार परिवर्तनबारे राजनीतिक वृत्तमा विभिन्न टिकाटिप्पणी छाइरहेका बेला दिल्ली भ्रमणबाट फर्किएका देउवाले कांग्रेससँग सरकार परिवर्तन गर्ने कुनै एजेण्डा नरहेको दावी गरेका छन् । भ्रमण सम्पन्न गरी बुधबार स्वदेश फर्कने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारमाझ प्रतिक्रिया दिँदै देउवाले कांग्रेस अहिले सरकार गिराउने र बनाउने चलखेलमा नलागेको बताए ।

उनले सञ्चारकर्मीहरूसँगको कुराकानीमा कांग्रेसले लोकतन्त्रमा सशक्त प्रतिपक्षको भूमिका महत्वपूर्ण निर्वाह गर्दै जनताका पक्षमा आवाज उठाइहने बताए ।

सोही क्रममा 'भूकम्पपछिको पुनर्निर्माण र भूकम्पपीडितलाई तत्काल राहत उपलब्ध गराउने बारेमा संसद्मा जोडदारसँग कुरा उठाउछौं' देउवाले थपे 'संसद् बोलाईएको छ, हामी संसद् र बाहिर समेत प्रभावकारी र सशक्त भूमिकामा बस्छौं ।' भारत पुगेका बेला आफूले पनि नाकको उपचार गराएको जनाउँदै देउवाले 'हिप रिप्लेसमेन्ट'को शलयक्रियापछि आरजु केही समय भारतमै बस्नुपर्ने भएकाले आफूमात्रै फर्केको बताए । पत्नी आरजु राणा देउवाको उपचारका लागि वैशाख ६ गते भारत पुगेका देउवा ९ दिन पछि बुधबार स्वदेश फर्किएका हुन् ।

## अख्तियारको ...

उच्चरक्तचापका कारण बिरामी परेका भ्रष्टाचार आरोपी दीक्षितलाई भेट्न वीरमा पुगेका उनीहरूलाई सुरक्षाकर्मीले भेट्न मिल्दैन भन्दै फर्काइदिएका हुन् । भने 'तपाईंको हौसलाको लागि आएको हुँ ।' पूर्वराष्ट्रपति यादवले दीक्षितसँग अस्पतालको बेडमै पुगेर करिब १५ मिनेटसम्म गरेको कुराकानीका क्रममा उनको स्वास्थ्य अवस्थाबारे जानकारी समेत लिएका थिए ।

वीर अस्पतालको आइसीयूमा अख्तियारको कडा सुरक्षा निगरानीमा उपचार लिइरहेका दीक्षित पत्रकार समेत रहेका छन् । अन्तर्राष्ट्रिय संघसंस्थाले रिहाइका लागि दबाब लिइरहेका बेला यादवले गरेको भेटलाई महत्वका साथ हेरिएको छ । पदीय मर्यादाविपरीत सार्वजनिक सम्पत्ति आफ्नो बनाएको भन्दै अख्तियारको फन्दामा परेको दीक्षितलाई विभिन्न क्षेत्रका सम्पादक र बुद्धिजीविले रिहाइको माग गरेका थिए । मंगलबार अन्तर्राष्ट्रय पत्रकार महासंघ (आइएफजे)ले भ्रष्टाचार आरोपी दीक्षितलाई तत्काल रिहा गर्न सरकारलाई दबाब दिएको थियो ।

अख्तियारको निगरानीमा रहेको दीक्षितलाई शनिबार बिहान रक्तचार अनियन्त्रित भएपछि वीर अस्पतालको सघन उपचार कक्ष आइसियुमा भना गराइएको थियो ।

## मुलुकभर विभिन्न...

जनाएको छ । आगलागीबाट घर्तीको घर र गोठ पूर्ण रुपमा जलेर ध्वस्त भएको छ । प्रहरी र स्थानीय मिलेर आगो निभाएका थिए ।

यसैबीच सल्यानमा लागेको डढेलो निभाउन गएका आमा-छोराको धुवाँमा निसास्सिएपछि आगोमा जलेर मृत्यु भएको छ । घर नजिकैको वनमा लागेको आगो नियन्त्रणका क्रममा शारदा नगरपालिका ११ हिवल्चाकी ४५ वर्षीया बालिका बस्नेत र उनका १२ वर्षीय छोरा नविनको ज्यान गएको हो ।

मंगलबार बेलुका घर नजिकैको जंगलमा लागेको डढेलो नियन्त्रणमा गएका उनीहरू धुवाँमा निसास्सिएर बेहोस भएको र आगोमा जलेर मृत्यु भएको स्थानीय तुफानबाबु गिरीले जानकारी दिए । हिवल्चास्थित भैयादेवी सामुदायिक वनको १ सय ९८ हेक्टर क्षेत्रफलमा आगो लागेको छ । आगो नियन्त्रणका लागि सक्रिय रहेको स्थानीयमध्ये दशरथ थापाका अनुसार सामुदायिक वनमा लागेको गाउँमा फैलन सक्ने त्रास फैलिएको छ ।




# अनियमितता गरेको सुनचाँदीसहित असई पक्राउ

**राजविराज ।** पूर्व क्षेत्रीय प्रहरी कार्यालय विराटनगरले व्यापारीको सुन, चाँदी पक्राउ गरी अनियमितता गर्ने सप्तरीका सहायक प्रहरी निरीक्षकसहित दुई जना प्रहरी कारबाहीमा परेका छन् ।

सुनचाँदी अनियमितता गरेको आरोपमा सप्तरीका प्रहरी सहायक निरीक्षक रामजी चौधरी र प्रहरी जवान ललित झामाथि कारबाही गरिएको पूर्वाञ्चलका प्रहरी नायव महानिरीक्षक केशरीराज घिमिरेले बताए । सोही प्रकरणमा संलग्न प्रहरी जवान पप्पु यादव र चन्दन यादवलाई समेत प्रहरीले पक्राउ गरेको छ ।

गत वैशाख ६ गते लहानस्थित विकास ट्रेडर्सबाट न्यू राज्यलक्ष्मी ज्वेलर्स राजविराजका कामदार मोनसिमले २० तोला सुन, पाँच केजी चाँदी र ११ थान सुनको सिक्री ल्याइरहेको अवस्थामा राजविराजको रुपनी मोडबाट सुनचाँदी अवैध रहेको भन्दै सिभिलमा रहेका प्रहरीले पक्राउ गरी कसैलाई जानकारी नदिई आफैं बाँडेर अनियमितता गरेको आरोपमा उनीहरूमाथि कारबाही गरिएको पूर्व क्षेत्रीय प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

पूर्वाञ्चल क्षेत्रीय प्रहरी कार्यालयले सुनचाँदी प्रकरणबारे छानबिन गर्दा प्रहरीद्वय चौधरी र झाले अनियमितता गरेको दोषी पाइएको र उनीहरू बारेमा अवश्यक छानबिन भइरहेको जनाएको छ । राजविराजस्थित न्यू राज्यलक्ष्मी ज्वेलर्सका लागि खरिद गरेर ल्याउँदै गरेको सुनचाँदी प्रोप्राइटर शत्रुघन साहको रहेको भन्दै सप्तरीका सुनचाँदी उद्योग व्यवसायी संघका अध्यक्ष राजेशकुमार साहले पूर्व क्षेत्रीय प्रहरी कार्यालयमा उजुरी दिएपछि त्यसबारे छानबिन भएको थियो ।

# स्वीकृति विना विद्यार्थी भर्ना गर्ने विद्यालयलाई क्रान्तिकारीले नछाड्ने

**इटहरी ।** एमाओवादीनिकट विद्यार्थी संगठन अखिल क्रान्तिकारी विद्यार्थी संगठनले राज्यले जारी गरेको शिक्षा नीति र नियमको परिधिभित्र रहेर शैक्षिक संस्थाहरूले काम नगरेको प्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

इटहरीमा मंगलबार पत्रकार सम्मेलन गर्दै अखिल क्रान्तिकारीले स्वीकृति विना नै बालबालिकालाई कक्षामा भर्ना लिन र अनावश्यक कार्य गर्ने विद्यालयको हर्कत बढेकाले त्यस्ता विद्यालयविरुद्ध किटानी जाहेरी दिने तयारीमा रहेको बताएको छ ।

इटहरीमा सञ्चालित बेबिलोन विद्यालयको नाम नै किटेर अखिल क्रान्तिकारीले उक्त विद्यालयले कक्षा ९ मा भर्ना लिने स्वीकृति नै नलिई १९ जना विद्यार्थी भर्ना गरिसकेको र विद्यालयबाट टाई, पोसाक र शिक्षण सामग्री बिक्री गर्ने व्यापारिक कारोबार समेत गरेकाले त्यो कार्य रोक्न दबाब दिने उद्देश्यले प्रशासनको कार्यकक्षमा ताला लगाएको समेत जनाएको छ ।

माथिल्लो कक्षा सञ्चालनको स्वीकृति नै नलिई जिल्लामा सञ्चालित निजी क्षेत्रका धेरै विद्यालयले माथिल्लो कक्षामा विद्यार्थी भर्ना लिइरहेको तथ्य फेला परेको र विद्यार्थीले बोक्न नै नसक्ने गरी पाठ्यपुस्तक खरिद गर्न बाध्य पार्ने गरेको भन्दै क्रान्तिकारीले राज्यले दीर्घकालीन र गरिब समुदायप्रति लक्षित गरेर शिक्षा नीति कार्यान्वयन गर्नेतिर ध्यान नदिएको तर्फ आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताएको छ ।

अखिल क्रान्तिकारीका केन्द्रीय सचिव मदन चुडाल, केन्द्रीय सदस्य हेमसागर तिम्सिना तथा सुनसरी जिल्ला अध्यक्ष खेम रणपहेलीले जिल्लाको यथार्थ अवस्था चित्रण गर्दै अनुमति बिना माथिल्लो कक्षा सञ्चालन गर्ने र विद्यालयले शिक्षाका नाममा गर्दै आएको व्यापारको किटानी जाहेरी दिएर कानुनी दायरामा ल्याउनका लागि जिल्ला शिक्षा कार्यालय र प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी समेत दिने अन्तिम तयारी भइरहेको जनाएको छ ।

# आमासहित चार बालबालिकाको हत्या

**सल्यान ।** छायाक्षेत्र- ९ रानागाउँका एकै घरका चार जनाको हत्या भएको छ । सल्यान छायाक्षेत्र- ९ रानागाउँ निवासी रमेश खान ठकुरीकी २३ वर्षीया पत्नी सीता खान ठकुरी, छोरीहरू ती वर्षीया पवित्रा र १ वर्षीया सबिता खान ठकुरी र साली शानपा- ११ मार्केकी १८ वर्षीया गीता गिरीको मंगलबार राति हत्या गरिएको छ ।

बुधबार बिहान उनीहरूको हत्या भएको स्थानीय चाल पाएका थिए । बिहान अबेरसम्म चहलपहल नदेखिए पछि घरमा हेर्न पुगेका छिमेकीहरूले बुधबार बिहान उनीहरूको शव देखेका थिए ।

उनीहरूको हत्या हुँदा बेलुकीको खाना नपाएको प्रमाण भेटिए पनि हत्या कसले र किन गरेको भन्नेबारे केही थाहा नभएको स्थानीयले बताएका छन् । घटनाबारे जानकारी पाएर त्यहाँ पुगेको प्रहरीले शव संकलन गरी अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ । सल्यानमा पछिल्लो समय हत्याका घटनाहरू बढेका छन् । गत फागुन २२ मा पनि त्रिवेणीमा निर्मला वि.क.को हत्या भएको थियो । उक्त हत्याको छानविनका लागि विभिन्न समितिहरू गठन गरिए पनि पीडितले हालसम्म न्याय पाउन सकेको छैन ।

# भारतीय प्रहरी हतियारसहित डोटीमा पक्राउ

**कैलाली ।** अवैध रुपमा हतियारसहित नेपाल छिरेका पाँच भारतीय प्रहरीलाई डोटी जिल्ला प्रहरी कार्यालयले पक्राउ गरी कैलालीलाई बुझाएको छ । डोटीस्थित सानागाउँमा पक्राउ परेका पाँच जना भारतीय प्रहरीलाई आइतबार राति १० बजे कैलाली जिल्ला प्रहरीलाई बुझाएको हो ।

एक सुरक्षा अधिकारीका अनुसार सिमावर्ती भारतीय सुरक्षाअधिकारीलाई बुझाउने गरी पक्राउ परेका भारतीय प्रहरीलाई कैलाली प्रहरीको जिम्मा लगाइएको हो । भारतस्थित पञ्जाव सहरको सिमरौक जिल्लाबाट अवैध हतियारसहित कञ्चपुरको गड्डाचौकी नाका हुँदै नेपाल छिरेका थिए । निजी भारतीय नम्बरको जिपमा गड्डाचौकी नाकाबाट अत्तरिया हुँदै डोटी साना गाउँ पुगेका भारतीय प्रहरी पञ्जावकै एक डाक्टरको हत्यामा संलग्न भएको आरोपी नेपालीलाई समात्न विनाअनुमति डोटीको साना गाउँ प्रवेश गरेका थिए ।

अवैध रुपमा नेपाल प्रवेश गरेका भारतीय प्रहरीका साथबाट एके ४७ राइफल र एक पेस्तोल बरामद गरिएको प्रहरी अधिकारीले बताएका छन् । पक्राउ परेको भारतीय प्रहरीमध्ये एक जना इन्सिपेक्टर, एक सवइन्सिपेक्टर, दुई हवल्दारसहित एक जना सिपाही दर्जाका रहेको बुझिएको छ । कैलाली प्रहरीले आधिकारीक रुपमा घटनाका बारेमा कुनै जानकारी दिएको छैन ।

# डढेलोबाट दसहजार हेक्टर वन नष्ट

**कञ्चनपुर ।** कञ्चनपुरको १० हजार हेक्टरभन्दा बढी वन क्षेत्र डढेलोबाट नष्ट भएको छ । जिल्लास्थित शुक्लाफाँटा वन्यजन्तु आरक्ष, विभिन्न सामुदायिक वन र राष्ट्रिय वनमा गरी १० हजार २ सय हेक्टर वन डढेलोबाट नष्ट भएको जिल्ला वन कार्यालय कञ्चनपुरले जनाएको छ ।

जिल्लाका ५० भन्दा बढी सामुदायिक वन र राष्ट्रिय वनमा विभिन्न मितिमा डढेलो लागेको सहायक वन अधिकृत विश्वेश्वरप्रसाद जोशीले बताए । विभिन्न १२ ठाउँमा डढेलो नियन्त्रण गर्न फायर युनिट खटिए पनि आगो नियन्त्रण बाहिर गएको बताउँदै उनले भने 'सात हजारभन्दा बढी हेक्टरमा आगो लागेको रेकर्ड आएको छ ।' जोशीले आगलागी नियन्त्रण गर्ने सामग्री नहुँदा पनि समस्या भएको गुनासो पोखे ।

'कुनै पनि निकायबाट आगो नियन्त्रण गर्ने सामग्री उपलब्ध भएको छैन' जोशीले भने 'विगत वर्षहरूमा पाइएका सामग्रीले नियन्त्रण प्रयास जारी राखेका छौं ।' उनका अनुसार सामुदायिक वनका पदाधिकारी तथा उपभोक्ता समेत डढेलो नियन्त्रणमा सक्रिय रहेका छन् ।

यसैबीच शुक्लाफाँट वन्यजन्तु आरक्ष कार्यालयका प्रमुख संरक्षण अधिकृत वेदकुमार ढकालले आरक्षभित्र धेरै स्थानमा डढेलो लागेको बताए । 'तीस हजारदेखि तीन हजार ५ सय हेक्टरसम्म डढेलो लागेको हाम्रो अनुमान छ, हामीले पूर्वी र पश्चिम भागमा गरी दुई भागमा नियन्त्रण जारी राखेका छौं' ढकालले भने । शुक्लाफाँटमा लागेको डढेलो नियन्त्रणमा आरक्ष सुरक्षार्थ खटिएको नेपाल सेनाको भवानी बक्स गण पनि खटिएको छ ।

उत्ता तारापुर क्षेत्रमा लागेको डढेलो निभाउन पानीको ट्याक्टरसहित टोली खटिए पनि पूर्ण रुपमा नियन्त्रणमा लिन कठिन भएको ढकालले बताए ।

सुख्खा मौसम सँगै मुलुकका विभिन्न क्षेत्रमा भएको आगलागीबाट थुप्रै जनधनको क्षति भइसकेको छ । यसैबीच अर्घाखाँचीको धातीबाङ्गस्थित भएको आगलागीमा परी एक महिलाको मृत्यु हुनुका साथै पाँच घरगोठ जलेका छन् ।

धातीबाङ्ग- ९ दहमा घर नजिकै लागेको आगो निभाउने क्रममा चिप्लिएर स्थानीय ३२ वर्षीय मखमली बिकको निधन भएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रहरी नायव उपरीक्षक नवरत्न पौडेलले बताए ।

सोही आगलागीका कारण २ घर र ५ गोठ जलेर नष्ट भएका छन् । स्थानीय बालसिंह सारुको घर गोठ लत्ता कपडा अन्नपातसहित एक लाख ३० हजार नगद जलेर नष्ट भएको छ । त्यसैगरी अर्का स्थानीय तुलबहादुर सारुको घर गोठ जल्दा लत्ता कपडा अन्नपात तथा घरमा राखिएको ७२ हजार नगद समेत जलेर नष्ट भएको छ ।

उक्त आगलागीबाट थप तीन गोठ समेत खरानी भएको छ । वडा ७ र ९ को करिब २ सय पचास हेक्टर जंगल समेत आगलागीबाट नष्ट भएको छ । आगो नियन्त्रणका लागि स्थानीय र प्रहरीको संयुक्त टोली सक्रिय रहेका थिए ।

# अज्ञात रोगबाट दर्जनभन्दा बढी मृत्यु

**हुम्ला ।** हुम्लामा एक सातादेखि फैलिएको अज्ञात रोगका कारण १४ जना मृत्यु भएको छ । जिल्लास्थित राया र स्याँडा गाविसमा अज्ञात रोगका कारणले १४ जनाले ज्यान गुमाइ सकेको छन् ।

गत सातादेखि फैलिएको अज्ञात रोगका कारण स्याँडा- ४ की लामती बुढा, ६ का भदिर बुढा, ५ की ढोली बुढा तथा ४ का धनराज बुढाको मृत्यु भएको स्थानीय छक्क बुढाले बताए ।

अज्ञात रोगकै कारण राया- ७ का बलविर रावलले मृत्यु भएको हो । एक सातामै अचानक फैलिएको रोगले राया- ६ का सिरे रावल र उनकी श्रीमती लाटी रावलको मृत्यु भएको छ ।

सुरुमा नाक, कान बन्द हुने, ज्वरो आउने र बिस्तारै खान मन नलाग्ने जस्ता लक्षण देखिने उक्त रोगबाट राया- ८ का ५७ वर्षका जस रावल र निजकी ५२ वार्षीय श्रीमती चिनकली तथा ३५ वर्षीया विष्णु रावल, ७ की ७५ वर्षीया रिउली रावल, २ का ७७ वर्षीय सर्वजित रावलको मृत्यु भएको रायाका पूर्व अध्यक्ष प्रेमबहादुर बुढाले बताए ।

जिल्ला स्वास्थ्य कार्यालय हुम्लाका सूचना अधिकारी नरेशबाबु श्रेष्ठका अनुसार राया- ५ र स्याँडा- ४ गरी ९ जनाको मृत्यु भइसकेको जनाए ।

प्रकाशक/प्रधान सम्पादक : केदारनाथ गौतम
कार्यालय : जोरपाटी, काठमाडौं फोन/फ्याक्स : ०१-४९११०२१ इमेल : janajibro@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : गंगाजमुना प्रेस, नयाँबजार, काठमाडौं